# कोन्ज्योसोम गाउँपालिका

༄༅།། ཀོནཛྱོ་སོམ་གཱཨུཾཔཱལིཀཱ

# गाउँकार्यपालिकाको कार्यालय

# चौघरे, ललितपुर

आ.व २०८२/८३ को

# वार्षिक प्रगति प्रतिवेदन

स्थानीय सरकार
कोन्ज्योसोम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चौघरे,ललितपुर

## हाम्रो भनाई

मिति : २०८३/०४/२२ गते

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअनुसार स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको, उत्तरदायी तथा सेवा प्रवाहमुखी सरकारका रूपमा स्थापित भएको छ। संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकार, जिम्मेवारी र दायित्वलाई आत्मसात् गर्दै कोन्ज्योसोम गाउँपालिका सुशासन, समावेशी विकास, सामाजिक न्याय तथा दिगो समृद्धिको लक्ष्य प्राप्तिका लागि निरन्तर क्रियाशील रहेको छ।

विकट भौगोलिक अवस्थिति, सीमित स्रोत-साधन, न्यून आन्तरिक राजस्व, छरिएर रहेका बस्ती तथा दक्ष जनशक्तिको अभावजस्ता चुनौतीहरूका बीच पनि गाउँपालिकाले उपलब्ध अवसरहरूको अधिकतम उपयोग गर्दै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा उल्लेखनीय प्रयासहरू गरेको छ। यहाँको प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक सम्पदा, कृषि, पशुपालन, पर्यटन तथा स्थानीय उत्पादनका सम्भावनाहरूलाई आर्थिक समृद्धिको आधारका रूपमा विकास गर्ने उद्देश्यले विभिन्न नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गरिएका छन्।

आर्थिक वर्ष २०८२/८३ गाउँपालिकाका लागि उपलब्धिमूलक वर्षका रूपमा स्थापित भएको छ। यस अवधिमा शिक्षा, स्वास्थ्य, कृषि तथा पशु विकास, खानेपानी तथा सरसफाइ, सडक तथा अन्य भौतिक पूर्वाधार, विपद् जोखिम न्यूनीकरण, सामाजिक सुरक्षा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, युवा तथा खेलकुद, पर्यटन प्रवर्द्धन, सूचना प्रविधिको विकास, संस्थागत सुदृढीकरण तथा सार्वजनिक सेवा प्रवाहमा गुणात्मक सुधारका लागि विभिन्न कार्यक्रम तथा आयोजनाहरू सफलतापूर्वक सञ्चालन गरिएका छन्। यी उपलब्धिहरू संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज तथा स्थानीय समुदायसँगको सहकार्य र समन्वयको परिणाम हुन्।

प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ मा गाउँपालिकाले सम्पादन गरेका प्रमुख नीति, कार्यक्रम, आयोजना, वित्तीय तथा भौतिक प्रगति, संस्थागत सुधार तथा सेवा प्रवाहका उपलब्धिहरूलाई तथ्यगत रूपमा समेटिएको छ। यस प्रतिवेदनले गाउँपालिकाको कार्यसम्पादनप्रति पारदर्शिता, उत्तरदायित्व र जवाफदेहितालाई थप सुदृढ बनाउनुका साथै आगामी योजना तथा कार्यक्रम तर्जुमाका लागि मार्गदर्शक दस्तावेजका रूपमा समेत भूमिका निर्वाह गर्ने विश्वास लिएका छौं।

हामी नागरिकमैत्री, पारदर्शी, प्रविधिमैत्री तथा परिणाममुखी स्थानीय शासन प्रणालीको विकासप्रति पूर्ण रूपमा प्रतिबद्ध छौं। आगामी दिनमा पनि "समृद्ध कोन्ज्योसोम, सुखी कोन्ज्योसोमवासी" को साझा संकल्पलाई

साकार पार्न जनसहभागिता, सुशासन, दिगो विकास तथा प्रभावकारी सेवा प्रवाहलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।

यस अवसरमा आर्थिक वर्ष २०८२/८३ का नीति, कार्यक्रम तथा योजनाहरूको सफल कार्यान्वयनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, विकास साझेदार संस्था, सामाजिक संघसंस्था, सञ्चारकर्मी, निजी क्षेत्र तथा सम्पूर्ण कोन्ज्योसोमवासी नागरिकप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं। आगामी दिनमा पनि यहाँहरूको अमूल्य सहयोग, सद्भाव, सुझाव र सहकार्य निरन्तर प्राप्त हुने विश्वास लिएका छौं।

अन्त्यमा, यस प्रगति प्रतिवेदन तयार पार्न खटिने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरु प्रति विशेष आभार प्रकट गर्न चाहन्छौं ।धन्यवाद !

**राजन प्रसाद घिमिरे**
**उपाध्यक्ष**

**कृष्णमान लामा**
**अध्यक्ष**

स्थानीय सरकार
कोन्ज्योसोम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चौघरे,ललितपुर

मिति :२०८०/०४/२७ गते

**"प्रमुख प्रशासकीय अधिकृतको भनाइ"**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनले स्थानीय तहलाई प्रदान गरेका अधिकार, कार्यक्षेत्र र जिम्मेवारीअनुरूप कोन्ज्योसोम गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत नीति, कार्यक्रम तथा बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सुशासन, विकास र सेवा प्रवाहलाई थप सुदृढ बनाउने दिशामा उल्लेखनीय प्रयास गरेको छ।

प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ अवधिमा गाउँपालिकाबाट सम्पादन भएका प्रमुख कार्यक्रम, आयोजना, सेवा प्रवाह, संस्थागत सुधार, वित्तीय तथा भौतिक प्रगति, उपलब्धि र सिकाइका पक्षहरूलाई यथार्थपरक रूपमा समेटिएको छ। यस प्रतिवेदनले गाउँपालिकाको कार्यसम्पादनलाई पारदर्शी, उत्तरदायी र जनउत्तरदायी बनाउनुका साथै सार्वजनिक सूचना प्रवाह, संस्थागत अभिलेखीकरण तथा भावी योजना तर्जुमाका लागि महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

सीमित स्रोत-साधन, विकट भौगोलिक अवस्था तथा विविध चुनौतीहरूका बीच पनि जनप्रतिनिधि, कर्मचारी, संघ तथा प्रदेश सरकार, विकास साझेदार संस्था, सरोकारवाला निकाय र स्थानीय समुदायबीचको समन्वय, सहकार्य तथा प्रतिबद्धताका कारण निर्धारित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सम्भव भएको छ। प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै सेवा प्रवाहमा गुणात्मक सुधार, वित्तीय अनुशासन, सुशासन तथा विकास व्यवस्थापनलाई थप प्रभावकारी बनाउने दिशामा गाउँपालिका निरन्तर प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दछु।

यस वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, विषयगत शाखा, साझेदार संस्था, सरोकारवाला निकाय तथा सम्पूर्ण कोन्ज्योसोमवासी नागरिकप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। आगामी दिनमा पनि गाउँपालिकाको समग्र विकास र प्रभावकारी सेवा प्रवाहका लागि यहाँहरूको निरन्तर सहयोग, समन्वय र रचनात्मक सुझाव प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद।

..........................
गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड-क
## परिचय

### (१) कार्यालयको स्वरुप र प्रकृतिः

नेपालको संविधान भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अन्तर्गत धारा ५६ को (४) र (५) मा भएको व्यवस्था अनुसार देशभरमा ७५३ स्थानीय तहहरू गठन भई प्रदत्त कानून बमोजिम संचालनमा रहेका छन् । यीनै ७५३ मध्ये बागमती प्रदेश अन्तर्गत ललितपुर जिल्लाको दक्षिणी भेगमा अवस्थित एक सुन्दर पहाडी कोन्ज्योसोम गाउँपालिका हो । यस गाउँपालिकालाई तत्कालीन सरकारले वि.स. २०७३ साल फाल्गुन २७ गते साविकाका ५ वटा गाउँ विकास समिति क्रमश: चौघरे, शंखु, दलचोकी, नल्लु र भारदेउ मिलाएर स्थानीय तह पुनसंरचना पश्चात यो गाउँपालिका ५ वटा वडामा विभाजित भएकोछ । हालको संविधान २०७२ जारी भएसँगै मुलुकमा संघिय व्यवस्था कार्यान्वयनमा आएको छ । संवैधानिक रुपमै तीन तहको सरकारको जिम्मेवारी समेत किटान गरी संघियता लागू भएकाले गाउँपालिकाको अधिकार तथा सेवा प्रवाहको क्षेत्रानुसार भूमीकामा व्यापकता आएको छ ।
स्थानीय तहको मिति २०७९ वैशाख ३१ मा भएको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा कोन्ज्योसोम गाउँसभा र गाउँ कार्यपालिकाबाट यो गाउँपालिका सञ्चालित छ । आ.व २०८१/८२ मा गाउँपालिकाले गरेको आर्थिक सामाजिक सर्वेक्षण अनुसार कोन्ज्योसोम गाउँपालिकाको कुल जनसंख्या ११३२३ रहेको छ जसमा महिलाको जनसंख्या ५६६५ र पुरुषको जनसंख्या ५६५८ रहेको छ । कुल घरपरिवार संख्या २१५० रहेको छ। ४४.१६ वर्ग कि.मि. क्षेत्रफल रहेको यो गाउँपालिकाको पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती गाउँपालिका र वेथानचोक गाउँपालिका, पश्चिमतर्फ ललितपुर जिल्लाको बागमती गाउँपालिका र गोदावरी गाउँपालिका, उत्तरतर्फ गोदावरी गाउँपालिका र दक्षिणतर्फ बागमती गाउँपालिका र मंहाकाल गाउँपालिका भित्र फैलिएको छ ।
गाउँपालिका सञ्चालन व्यवस्थापन एवम् नियमित सेवा प्रवाहका लागि गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरू २९ जना र विभिन्न कार्यक्रमहरूमा समेत गरी कार्यरत जम्मा ११६ जना (गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालय/स्वास्थ्य संस्था) कर्मचारीहरू मार्फत गाउँपालिकाको समग्र सेवा प्रवाहको व्यवस्थापन हुँदै आएको छ । त्यसै गरी विद्यालयस्तरमा १५४ जना शिक्षक तथा २३ जना विद्यालय कर्मचारीहरू, बालविकास सहजकर्ता ३० जना एवम् स्थानीयस्तरमा सामुदायिक महिला स्वास्थ्य स्वयमसेबीकाहरू ४५ जना, न्यायिक समिति पदाधिकारीहरु ३ जना र मेलमिलापकर्ताहरू ८ जनाबाट समेत सेवा सञ्चालनमा सहजीकरणको भूमिका निर्वाह भएको छ । यसरी हेर्दा, स्थानीय तहको स्वरुप प्रशासनिक र राजनीतिक दुवै प्रकारको हुन्छ भने यसको प्रकृति लोकतान्त्रिक, सहभागितामुलक र जनउत्तरदायी हुन्छ ।

**(२) कार्यालयको काम, कर्तव्य र अधिकारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ बमोजिम गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

क. गाउँ प्रहरी ईकाई गठन, संचालन र व्यवस्थापन
ख. सहकारी संस्था नियमन
ग. एफ.एम. सञ्चालन
घ. स्थानीय कर सेवा शुल्क तथा दस्तुर
ड. स्थानीय सेवाको व्यवस्थापन
च. स्थानीय तथ्यांक र अभिलेख सकंलन
छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना
ज. आधारभूत र माध्यमिक शिक्षा
झ. आधारभूत स्वास्थ्य र सरसफाई
ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
ठ. गाउँसभा, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
ड. स्थानीय अभिलेख व्यवस्थापन
ड. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण (यो अधिकार कार्यान्वयनमा आएको छैन ।
ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
त. जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन
थ. बेरोजगारको तथ्याकं संकलन
द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण
ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
न. विपद् व्यवस्थापन
प. जलाधार बन्यजन्तु खानी तथा खनिज पदार्थको संरक्षण
फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास
ब. खेलकुद र पत्रपत्रिका
भ. आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन
म. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू
य. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
र. बन, जगंल, बन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
ल. सामाजिक सुरक्षा र गरिबी निवारण
ब. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याक
स. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वद्धन र पुनः निर्माण ।
ष. सुकुम्बासी व्यवस्थापन
श. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी व्यवस्थापन

ह. सवारी साधन अनुमति व्यवस्थापन

क्ष. भूमि व्यवस्थापन

त्र. सञ्चार सेवा व्यवस्थापन

ज्ञ. यातायात सेवा व्यवस्थापन

क. संघ संस्था दर्ता तथा नवीकरण

**वडा समितिबाट सम्पादन हुने कार्य**

(क) वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने।

(ख) बडाका विकास निर्माणका योजना तर्जुमा कार्यान्वयन, अनुगमन र आवधिक प्रगति समीक्षा गर्ने ।

(ग) बडाका विकास निर्माणका कार्यहरू गर्ने ।

(घ) कानून बमोजिमका नियमन कार्य गर्ने ।

(ङ) अभिलेख व्यवस्थापन, सिफारिस तथा प्रमाणित गर्ने ।

**(३) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

गाउँपालिका, वडा तथा स्वास्थ्य संस्था समेत गरी कुल १६८ जना कर्मचारी रहनेछन्। जसमध्ये २० जना वडा, ८८ जना गापा केन्द्र र २० जना अस्पताल र ४० जना स्वास्थ्य संस्थाहरुका लागि स्वीकृत गरिएको छ ।

**गाउँपालिकाको स्वीकृत जनशक्ति दरवन्दी साराँश (तहगत)**

| प्रमुख प्रशासकीय अधिकृत | अधिकृत आठौं | अधिकृत सातौं/ आठौं | अधिकृत छैठौं /सातौं/ आठौं | अधिकृत छैठौं/ सातौं | पाचौं/छैठौं/ सातौं | अधिकृत/ सहायक छैठौं/ पाचौं | सहायक पाचौं | सहायक चौथो/ पाचौं | सहायक चौथो | श्रेणी विहिन | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ५ | ५ | ५ | १२ | २७ | २२ | २४ | ३४ | ३२ | १६८ |

## हालको मौजुदा कर्मचारी पदपूर्ति बिवरण

| क्र.सं | बिवरण | अधिकृत स्तर | | | सहायकस्तर | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरवन्दी | पदपुर्ति | रिक्त | स्वीकृत दरवन्दी | पदपुर्ति | रिक्त | |
| १ | स्थायी | १८ | १७ | १ | ४२ | ४२ | २ | पशु विकास अधिकृत (सातौं) र प्रशासन/कृषि सहायक रिक्त |
| २ | अस्थायी/करार | ५ | ५ | ० | ३२ | ३२ | ० | |
| ३ | ज्यालादारी | ० | ० | ० | ० | २ | ० | |
| ४ | जम्मा | २३ | २२ | १ | ७४ | ७६ | ० | |
| ५ | का.स र चालक गरी जम्मा १८ | | | | | | | |
| | जम्मा कर्मचारी जम्मा ११६ | | | | | | | |

**(४) कार्यालयबाट प्रदान गरिने सेवाः**

१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई प्राप्त अधिकार अनुसारका आवश्यक कानून तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने। ।

२) गाउँपालिकाको बजेट नीति तथा कार्यक्रम तर्जुमा गरि विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने गराउने।

३) गाउँपालिका र अन्तरगतका शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रबाट नियमित सेवा प्रवाह सञ्चालन र व्यबस्थापन गर्ने गराउने।

४) विभिन्न योजना कार्यक्रम सञ्चालन तथा सेवा प्रवाहको क्षेत्रमा भए गरेका कार्यहरूको नियमित रुपमा अनुगमन मूल्याङ्कन गर्ने ।

५) गाउँपालिकाको गतिविधिहरूलाई समयसमयमा विभिन्न सञ्चार माध्यमहरूबाट सार्वजनिक गरी आम नागरिकलाई जानकारी गराउने ।

६) दिगो विकास लक्ष्य हासिल गर्न दिगो र प्रभावकारी रुपमा विकास व्यवस्थापनका लागि विभिन प्रकारका अध्ययन अनुसन्धान प्रतिवेदन तयार गर्ने गराउने ।

७) गाउँको समग्र विकास एवम् सेवा प्रवाहका लागि आवश्यक संस्थागत तथा मानव संसाधन विकास योजना तर्जुमा एवम् क्षमता विकास गरी स्रोत साधनको अधिकतम परिचालन गर्ने ।

८) गाउँपालिकाबाट गरिएका कार्यहरूको अभिलेखलाई संग्रहित एवम् सूचना व्यवस्थापन गर्ने ।

९) गाउँ विकासमा सरोकार राखे संघ, प्रदेश, स्थानीय सरकार र अन्य सरोकारवालाहरूसंग आवश्यक समन्वय र सहकार्य गर्ने ।

१०) कोन्ज्योसोम गाउँ कार्यपालिकाको कार्यालयबाट प्रदान गरिएको सेवाको सूचना माग भए बमोजिम सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली अनुसार प्रवाह गर्ने ।

## ५ )गाउँसभा पदाधिकारीहरुको बिवरण

| क्र.स | नाम थर | पद | मोवाइल नं. | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | कृष्णमान लामा | **गाउँपालिका अध्यक्ष** | ९८४३०७०३५८ | |
| २ | राजन प्रसाद घिमिरे | गाउँपालिका उपाध्यक्ष | ९८५१२०१२२९ | राजश्व परामर्श समिति न्यायिक ,अनुगमन समिति संयोजक |
| **वडा नं.१,चौघरे** | | | | |
| ३ | सन्तलाल लामा | वडा अध्यक्ष | ९८४३६४००९३ | सामाजिक विकास समिति संयोजक |
| ४ | बुदन बहादुर घलान | वडा सदस्य | ९८६१०६१०७१ | |
| ५ | आईत लाल घोङ्वा | वडा सदस्य | ९८४०५४६३०० | |
| ६ | फूल माया घ्याबा | महिला सदस्य | ९८६३९३०६६१ | आर्थिक विकास समिति /कार्यपालिका सदस्य |
| ७ | कृष्ण कुमारी सुनार | दलित महिला सदस्य | ९८६९०३००९७ | |
| **वडा नं.२,शंखु** | | | | |
| ८ | रोहन घलान लामा | वडा अध्यक्ष | ९८४३५१५११३ | वन,वातावरण तथा विपद व्यवस्थापन समिति /बिधायन समिति संयोजक |
| ९ | राजकुमार घिमिरे | वडा सदस्य | ९८४९३९५०७९ | |
| १० | रामप्रसाद घिमिरे | वडा सदस्य | ९८६०३६०१९४ | |
| ११ | सानु माया तामाङ | महिला सदस्य | ९८४८२७५५२३ | पूर्वाधार विकास समिति/कार्यपालिका सदस्य |
| १२ | रुपा घतानी | दलित महिला सदस्य | ९८१८६८९४९३ | |
| | | | | |
| **वडा नं.३,दलचोकी** | | | | |
| १३ | तिलक बहादुर भोम्जन | वडा अध्यक्ष | ९८५११४९७३५ | आर्थिक विकास समिति संयोजक |
| १४ | दुर्गा प्रसाद दहाल | वडा सदस्य | ९८६७०६२०७८ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | सुदर्शन खवास | वडा सदस्य | ९८७२३७७३८१ | |
| १६ | शान्ता नगरकोटी | महिला सदस्य | ९८४३५६३७४५ | सामाजिक विकास समिति/कार्यपालिका सदस्य |
| १७ | कान्छी कुमारी सुनार | दलित महिला सदस्य | ९८२३०५४९१४ | |
| वडा नं.४,नल्लु | | | | |
| १८ | तिर्थ बहादुर घलान | वडा अध्यक्ष | ९८५१०४३८६८ | प्रवक्ता,सुशासन तथा संस्थागत बिकास समिति संयोजक |
| १९ | वीर बहादुर तामाङ | वडा सदस्य | ९८४००१२१३६ | |
| २० | राम बहादुर स्याङतान | वडा सदस्य | ९८०३१२५९४९ | |
| २१ | धन माया लामा | महिला सदस्य | ९८४९४९५३१९ | |
| २२ | सपना मंग्राती | दलित महिला सदस्य | ९८४०४२५१२३. | सुशासन तथा संस्थागत बिकास समिति/कार्यपालिका सदस्य |
| वडा नं.५,भारदेउ | | | | |
| २३ | विजय कुमार स्याङतान | वडा अध्यक्ष | ९८४९६००७८३ | लेखा ,पूर्वाधार विकास समिति संयोजक |
| २४ | कुमार तामाङ | वडा सदस्य | ९८६५५८८३५१ | |
| २५ | साधुराम श्रेष्ठ | वडा सदस्य | ९८४१९१३०२२ | |
| २६ | श्रृजना लामा तामाङ | महिला सदस्य | ९८५१३२५८०५ | |
| २७ | सर्मिला सुनार | दलित महिला सदस्य | ९८१८८६४४६१ | |
| गाउँसभाका सदस्यबाट निर्वाचित कार्यपालिका सदस्य | | | | |
| २८. | कविता नगरकोटी | कार्यपालिका सदस्य | ९८४०४२४०४७ | अनुगमन समिति/कार्यपालिका सदस्य |
| २९. | गंगा नगरकोटी | कार्यपालिका सदस्य | ९८६०९९५७८२ | अनुगमन समिति/कार्यपालिका सदस्य |

**(६) सेवा प्रदान गर्ने निकायको शाखा, उपशाखा र जिम्मेवार अधिकारीः**

कोन्ज्योसोम गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा रहेका शाखा, उपशाखा तथा जिम्मेवार कर्मचारीहरुको संक्षिप्त विवरण

| क्र.सं. | शाखाउपशाखा ,, सेवा केन्द्र वा इकाई | कर्मचारीको नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालय | गोपाल प्रसाद दुलाल | प्रमुख प्रशासकीय अधिकृत | ९८५१४२०१०० |
| २ | आर्थिक प्रशासन शाखा | तप्तराज उपाध्याय | बरिष्ठ लेखा अधिकृत | ९८५८४२१०३० |
| ३ | सामाजिक विकास शाखा/शिक्षा, युवा तथा खेलकुद शाखा | बिष्णुप्रसाद आचार्य | बरिष्ठ शिक्षा अधिकृत | ९८६०२९२६०६ |
| ४ | योजना, अनुगमन तथा तथ्याङ्क व्यवस्थापन शाखा | चित्रदेव दहाल | अधिकृत | ९८४९२९६०५२ |
| ५ | कर्मचारी प्रशासन शाखा | काशीप्रसाद दहाल | अधिकृत | ९८५१२०७८७७ |
| ६ | पूर्वाधार विकास शाखा | अशोक रोकाया | सहायक इन्जिनियर | ९८४१३५२१५६ |
| ७ | आर्थिक विकास शाखा/कृषि विकास शाखा | सीता लामा | कृषि अधिकृत | ९८४१४७१७५३ |
| ८ | स्वास्थ्य शाखा | जयराम संजेल | सि.अ.हे.व. छैटौ | ९८४३८०२४९४ |
| ९ | आन्तरिक लेखा परीक्षण शाखा | मधुसुदन उपाध्याय | सहायक लेखा अधिकृत | ९८४४८१२३४६ |
| १० | सार्वजनिक खरिद तथा जिन्सी उपशाखा | राजकुमार घर्तीमगर | अधिकृत | ९८४६५९९७७५ |
| ११ | सूचना तथा संचार प्रविधि उपशाखा | माधव घिमिरे | सूचना प्रविधि अधिकृत | ९८५११९९११४ |
| १२ | महिला बालबालिका तथा समावेशी उपशाखा | सपना तामाङ | बालकल्याण अधिकारी | ९८५१३३६६१८ |
| १३ | सामाजिक सूरक्षा तथा पञ्जीकरण उपशाखा | अर्जिना घिसिङ | MIS अपरेटर | ९८४४२७७८९६ |
| १४ | संघ, संस्था दर्ता तथा व्यवस्थापन उपशाखा | बिष्णु सिजापती | सहायक कम्प्युटर अपरेटर | ९८४९७४१०९७ |
| १५ | रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण/ रोजगार सेवा केन्द्र उपशाखा | मदन कुमार लामा | रोजगार संयोजक | ९८४१४८६३३८ |
| १६ | भवन तथा भूमी व्यवस्थापन उपशाखा | अनिल नगरकोटी | सब-इन्जिनियर | ९८५११८०४५१ |
| १७ | वन, वातावरण तथा विपद् व्यवस्थापन उपशाखा | बिक्रम महर्जन | वरिष्ठ सहायक | ९८५११७१५५० |

| | | | | |
|---|---|---|---|---|
| १८ | आपतकालीन सामाग्री व्यवस्थापन ईकाई (व्याक हो लोडर/एम्बुलेन्स) | जयराम संजेल<br>अशोक रोकाया | सि.अ.हे.व. छैटौ<br>सहायक इन्जिनियर | ९८४३८०२४९४<br>९८४१३५२१५६ |
| १९ | पशुपन्छी तथा मत्स्य विकास उपशाखा | मदन थिङ | सहायक पाँचौ | ९८४८७४५०६६ |
| २० | मीनु घिमिरे | सामाजिक परिचालक | न्याय तथा कानून उपशाखा | ९८६०१९५०३३ |
| २१ | उद्योग तथा सहकारी व्यवस्थापन मेडपा उपशाखा | मन्दिरा श्रेष्ठ | उ.वि.सहजकर्ता | ९८६०३२८२१० |
| २२ | राजश्व उपशाखा | बिष्णु सिजापती | सहायक कम्प्युटर अपरेटर | ९८४९७४१०९७ |
| २३ | स्वास्थ्य शाखा | हरिकृष्ण तिमल्सिना | जनस्वास्थ्य अधिकृत | ९८४११६९२०७ |
| २४ | पशुपन्छी तथा मत्स्य विकास उपशाखा | डा.मनोज दाहाल | भेटनरी डाक्टर | ९८६१६७४७८२ |
| वडा कार्यालय र वडा सचिवहरु | | | | |
| १ | १ नं. वडा कार्यालय, चौघरे | प्रेम लामा | वडा सचिव | ९८६०३५०८१५ |
| २ | २ नं. वडा कार्यालय, शंखु | भूमिका जोशी | वडा सचिव | ९८४२८८७३५० |
| ३ | ३ नं. वडा कार्यालय, दलचोकी | प्रेम कुमारी पहाडी | वडा सचिव | ९८६३९६३१६२ |
| ४ | ४ नं. वडा कार्यालय, नल्लु | भवानी थापा क्षेत्री | वडा सचिव | ९८४६९५३६१७ |
| ५ | ५ नं. वडा कार्यालय, भारदेउ | तृष्णा दुर्गा राई | अधिकृत छैटौ/वडा सचिव | ९८१९००२०८१ |
| स्वास्थ्य संस्था र केन्द्रहरु | | | | |
| १ | बिष्णुमाया स्मृति आधारभुत अस्पताल | डा. मिलन बोम्जन | मेडिकल अधिकृत | ९७६५५४५२६५ |
| २ | चौघरे स्वास्थ्य चौकी | प्रेम कुमार चौधरी | ज.स्वा.नि. | ९८४१५२६३७३ |
| ३ | शंखु स्वास्थ्य चौकी | गरिमा विष्ट मगर | ज.स्वा.नि. | ९८५१३३०४६७ |
| ४ | दलचोकी स्वास्थ्य चौकी | बिजयराम महर्जन | सि.अ.हे.व. पाँचौ | ९८४१२६०४६१ |
| ५ | नल्लु स्वास्थ्य चौकी | नवलकिशोर महतो | सि.अ.हे.व. छैटौ | ९८४१०५८५६५ |
| ६ | भारदेउ स्वास्थ्य चौकी | धनकुमारी राजभण्डारी | सि.अ.न.मि. छैटौ | ९८६६५४३४७१ |
| ७ | सामुदायिक स्वास्थ्य इकाई, चौघरे | अनिता घ्याबा | अ.हे.ब. | ९८६०६८४७४८ |

खण्ड -ख

# आ.व. २०७९/८० देखि आ.व. २०८२/८३ सम्म हासिल भएका मुख्य मुख्य केहि उपलब्धिहरू

- आ.व. २०७९/८० सम्म २१ वटा ऐन/कानुन निर्माण भएकोमा वि.सं. २०७९ पछि थप ४२ वटा निर्माण भई हालसम्म गाउँपालिकामा कुल ६३ वटा ऐन/कानुन निर्माण भएका छन्। यसमध्ये थप ६ ऐन, २९ कार्यविधि, ६ नीति तथा नियमावली र १ आचारसंहिता/मापदण्ड निर्माण भएका
- वि.सं. २०७९ सम्म ९ वटा गाउँसभा बैठक भएकोमा त्यसपछि थप ९ वटा गाउँसभा बैठक तथा ६३ वटा कार्यपालिका बैठक सम्पन्न भएका छन्। कर्मचारी बैठक मासिक रूपमा सञ्चालन गरी अन्तरशाखागत समन्वय तथा प्रशासनिक कार्यसम्पादनलाई नियमित बनाइएको
- आधार वर्षमा ९३ जना कर्मचारीको स्वीकृत दरबन्दीबाट कार्यालय सञ्चालन हुँदै आएकोमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) मार्फत १६८ जनाको दरबन्दी कायम गर्न संगठन संरचना तथा जनशक्ति विवरण तयार गरी प्रदेश किताबखाना, हेटौंडामा २०८३/०३/१५ देखि पद दर्ता प्रक्रियामा रहेको
- नयाँ प्रशासकीय भवन (एकीकृत सेवा केन्द्र) निर्माणका लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको
- भूमिहीन सुकुम्बासी तथा भूमिहीन दलित ४५ जनालाई निस्सा वितरण गरी जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको तथा अव्यवस्थित बसोबासीको विवरण NALCIS मा प्रविष्ट गर्ने कार्य अघि बढाइएको।
- गाउँपालिका अध्यक्ष रप्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्यसम्पादन करार सम्झौता गर्ने अभ्यास संस्थागत गरिएको।
- एकीकृत सूचना व्यवस्थापन प्रणाली (IIMS) विकास गरी गाउँपालिकाका सेवा तथा सुविधालाई एकीकृत गर्ने कार्य अघि बढाइएको, डिजिटल प्रोफाइल तयार गर्नुका साथै e-Sifaris सेवा सञ्चालनमा ल्याई e-Governance तर्फको डिजिटल रूपान्तरणको थालनी गरिएको ।
- वि.सं. २०३५ सालपछिका सबै घटना दर्ताका अभिलेख डिजिटाइज गरी अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहलाई व्यवस्थित, सुरक्षित र सहज बनाइएको।
- गाउँपालिकाका सबै स्थानमा फाइबर इन्टरनेट तथा इन्ट्रानेट सेवा विस्तार गरी डिजिटल सेवा प्रवाहको पहुँच सुनिश्चित गरिएको।

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीलाई VPN Connect मार्फत गाउँपालिका तथा सबै वडा कार्यालयमा सञ्चालन गरी तथ्यांकलाई सुरक्षित तथा व्यवस्थित बनाइएको।

- सामाजिक सुरक्षा भत्ता वितरणमा कागजी चेक प्रणालीबाट Direct EFT प्रणालीमा रूपान्तरण गरी लाभग्राहीको खातामा सोझै रकम जम्मा गर्ने व्यवस्था गरिएको।

- राष्ट्रिय परिचयपत्र दर्ता तथा वितरण, Biometric Verification, Fingerprint तथा Iris प्रविधिमा आधारित लाभग्राही पहिचान प्रणालीलाई प्रयोगमा ल्याइएको।

- आ.व. २०८०/८१ मा LISA ६२ अंक र FRA ६६ अंकबाट सुधार गर्दै आ.व. २०८२/८३ मा LGPAS मा ७२.६ अंक हासिल गरी संस्थागत क्षमता, वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा समग्र कार्यसम्पादनमा उल्लेखनीय प्रगति हासिल भएको छ।

- परम्परागत जिन्सी खाता तथा म.ले.प. फाराममा आधारित अभिलेख प्रणालीबाट PAMS/PAMS V2 मा रूपान्तरण गरी जिन्सी तथा सम्पत्ति व्यवस्थापनलाई विद्युतीय प्रणालीमा आबद्ध गरिएको।

- मागमा आधारित रूपमा सम्पत्ति तथा सामग्री व्यवस्थापन गर्ने अभ्यासबाट आवश्यकता तथा औचित्यका आधारमा खरिद तथा व्यवस्थापन गर्ने प्रणाली विकास गरिएको।

- दुईपाङ्ग्रे सवारी साधनको मर्मतसम्भारमा विगतमा देखिएको समस्या समाधान गरी मर्मतसम्भारलाई प्रक्रियागत र व्यवस्थित बनाइएको।

- सम्पत्ति तथा जिन्सीसम्बन्धी सम्पूर्ण अभिलेख विद्युतीय माध्यमबाट सुरक्षित तथा व्यवस्थित गरिएको।

- सबै स्वास्थ्य संस्थामा ELMIS/PAMS प्रणाली तालिमप्राप्त जनशक्तिमार्फत सञ्चालन गरी औषधि, औजार, उपकरण तथा स्वास्थ्य सामग्रीको खरिद, भण्डारण र वितरण प्रणाली व्यवस्थित गरिएको।

- विष्णुमाया स्मृति शंखु आधारभूत अस्पतालको भवन निर्माण सम्पन्न गरी सञ्चालन कार्यविधि, २०८२ स्वीकृत तथा कार्यान्वयनमा ल्याइएको।

- आधारभूत अस्पतालबाट आकस्मिक, बहिरंग, अन्तरङ्ग तथा प्रयोगशाला सेवा सञ्चालनमा ल्याइएको।

- दलाचोकी र चौघरे स्वास्थ्य चौकीका भवन निर्माण सम्पन्न तथा नल्लु र भारदेउ स्वास्थ्य चौकीका भवन निर्माणाधीन रहेका छन्।

- चिकित्सक, ल्याब असिस्टेन्ट तथा जनस्वास्थ्य अधिकृतलगायत आवश्यक जनशक्ति व्यवस्थापन गरी रोग रोकथाम, स्वास्थ्य प्रवर्द्धन तथा उपचारात्मक सेवामा सुधार गरिएको।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सम्मान तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरी समुदायस्तरीय स्वास्थ्य सेवाको प्रभावकारिता वृद्धि गरिएको तथा सम्बन्धित कार्यविधि, २०८० कार्यान्वयनमा ल्याइएको।
- दुई वर्षमुनिका बालबालिकाको तौल तथा पोषण अवस्थाको नियमित अनुगमन, पोषण लेखाजोखा, कुपोषणको शीघ्र पहिचान तथा आवश्यक उपचार/प्रेषण प्रणालीलाई प्रभावकारी बनाइएको।
- 'बच्चा जोखौं, नुन बोकौं तथा "बच्चा जोखौं, हातधुने साबुन बोकौं" जस्ता कार्यक्रममार्फत पोषण अनुगमनलाई समुदायस्तरमा विस्तार गरि ४६१३ जना लाई सेवा पुर्याईएको।
- सुत्केरी भेटमा पौष्टिक आहार कार्यक्रममार्फत उत्तरप्रसूति भेट तथा PNC Home Visit मा वृद्धि गरिएको जसमा सेवा लिनेहरुको संख्या जम्मा ३६८ रहेको ।
- अनलाइन प्रविधि तथा स्वास्थ्यसम्बन्धी अभिलेख, रिपोर्टिङ र तथ्यांक व्यवस्थापनको गुणस्तर सुधार गरिएको।
- स्वास्थ्य संस्थाको व्यवस्थापन तथा प्रशासनिक खर्च व्यवस्थापनमार्फत न्यूनतम सेवा मापदण्डमा सुधार गरि ९३ प्रतिशत पुर्याईएको।
- अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला गरी ३२१ का लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको।
- खोरेत, पी.पी.आर. तथा लम्पी स्किनलगायत महामारीजन्य रोगविरुद्ध सबै पशुपन्छीमा खोप सेवा सञ्चालन गरिएको।
- पशुपन्छी बीमा सेवा करिब ७० प्रतिशत पशुधनमा विस्तार गरिएको।
- वर्षभरि नाम्ले-जुका नियन्त्रणका लागि निःशुल्क औषधि तथा स्रोतको उपलब्धताअनुसार भिटामिन, लिभरटोनिकलगायत औषधि वितरण गरिएको।
- किसानको गोठमै पुगेर पशु उपचार, पशुपालनसम्बन्धी प्राविधिक परामर्श तथा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको।

- विपद् तथा महामारीजन्य रोग संक्रमणको समयमा निःशुल्क उपचार तथा रोकथाम सेवा प्रदान गरिएको।
- विभिन्न अनुदान कार्यक्रममार्फत कृषकलाई सहयोग गरी दूध, मासु तथा माछाजन्य उत्पादन वृद्धि गर्न योगदान पुऱ्याइएको।
- सामुदायिक कुकुर बन्ध्याकरणमार्फत सामुदायिक कुकुरको संख्या नियन्त्रण तथा रेबिज रोगको जोखिम न्यूनीकरण गरिएको।
- असल पशुपालनसम्बन्धी तालिम तथा प्राविधिक सेवामार्फत परम्परागत पशुपालनलाई क्रमशः व्यावसायिकतातर्फ उन्मुख गरिएको।
- रैथाने तथा स्थानीय बाली संरक्षण र प्रवर्द्धनलाई प्राथमिकता दिई मकै, कोदो, फापरलगायतका बालीको उत्पादन तथा बीउ प्रवर्द्धन गरिएको। कृषि शाखाले स्थानीय हावापानीअनुकूल उन्नत तथा रैथाने बीउ, माटो परीक्षण, प्राविधिक परामर्श तथा उच्च मूल्यका कृषि व्यवसायलाई प्राथमिकतामा राखेको छ।
- सामुदायिक बीउ बैंकको पूर्वाधार विकास गरी बीउ संरक्षण, तालिम तथा आवासीय कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था गरिएको।
- कृषि उत्पादनको बजारीकरणका लागि हाटबजार तथा आवश्यक पूर्वाधार विकास गरिएको।
- माटो परीक्षण, कृषि चुन वितरण, बाली रोग तथा कीरा व्यवस्थापन र IPM प्रविधि प्रवर्द्धन गरिएको।
- कृषि तथा पशुपन्छी क्षेत्रलाई पर्यटनसँग जोड्दै कृषि पर्यटन, होमस्टे तथा स्थानीय उत्पादनको प्रवर्द्धन गरिएको।
- कोन्ज्योसोम प्रतिमा, शंखु छ्योर्देन, मनकामना मन्दिरलगायत धार्मिक तथा पर्यटकीय पूर्वाधारको विकास तथा संरक्षणमा योगदान पुऱ्याइएको।
- गाउँ शिक्षा ऐन, २०७९ तथा पाँचवर्षे गाउँ शिक्षा योजना निर्माण गरी शिक्षा क्षेत्रको योजनाबद्ध विकासको आधार तयार गरिएको।
- माध्यमिक विद्यालयहरूमा ICT ल्याब, पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापना गरिएको।
- विद्यालयहरूमा ई-हाजिरी तथा IEMIS मार्फत विद्यार्थी, शिक्षक तथा विद्यालयसम्बन्धी अभिलेख र निकासा व्यवस्थापनलाई डिजिटल बनाइएको।

- ९ वटा विद्यालयका ECD कक्षामा न्यूनतम पूर्वाधारको व्यवस्था भएको साथै ECD तथा बिद्यालय कर्मचारीलाई न्युनतम पारिश्रमिकको सुनिश्चितता गरिएको ।
- कक्षा १-८ का लागि स्थानीय विषयको पाठ्यक्रम विकास गरी कार्यान्वयन तथा कक्षा ३ र ५ को सिकाइ उपलब्धि परीक्षा सञ्चालन गरिएको।
- प्राविधिक उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति, उत्कृष्ट शिक्षक/विद्यार्थी/खेलाडी सम्मान तथा राष्ट्रपति रनिङ शिल्ड र कोन्ज्योसोम कप सञ्चालन गरिएको।
- कक्षा १-८ को खुद भर्नादर (NER) ८७.१ प्रतिशत कायम भएको तथा कक्षा १—५ को कुल भर्नादर (GER) ८६.९ प्रतिशत पुगेको।
- विद्यालय तहमा विद्यार्थीको Dropout Rate शून्य प्रतिशत (०%) कायम गरी विद्यार्थीको विद्यालयीय निरन्तरता सुनिश्चित गरिएको।
- विद्यार्थीको कक्षा उन्नतितर्फ ७९ प्रतिशत Promotion Rate कायम भएको तथा २१ प्रतिशत विद्यार्थीको कक्षा दोहोरिएको (Repetition) अवस्था रहेको।
- कक्षा १-५ मा GER ७१.४७ प्रतिशत तथा NER ४८.५५ प्रतिशत कायम भएको।
- स्वीकृत दरबन्दीअनुसार शिक्षक-विद्यार्थी अनुपात कायम गरी शिक्षक व्यवस्थापन प्रभावकारी रूपमा गरिएको।
- विद्यालय शिक्षामा विद्यार्थीको पहुँच, सहभागिता तथा निरन्तरतामा उल्लेखनीय उपलब्धि हासिल भएको र आगामी दिनमा सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा थप जोड दिइने।
- विद्यालयमा स्मार्ट बोर्ड, ल्यापटप तथा प्रविधिमैत्री शिक्षण सिकाइका साधन विस्तार गरिएको।
- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि शैक्षिक घरधुरी सर्वेक्षण तथा सामुदायिक बिद्यालयमा अध्ययनरत सबै विद्यार्थी अपाङ्गता स्क्रिनिङ सञ्चालन गरिएको।
- आवधिक योजना, क्षेत्रगत योजना तथा मध्यमकालीन खर्च संरचना तयार गरी योजनाबद्ध विकास तथा बजेट व्यवस्थापनको आधार तयार गरिएको।
- कोन्ज्योसोम प्रतिमा,शंखु छ्योर्देन, दलचोकी भ्यू टावर तथा मनकामना मन्दिर, स्यालुप-वतिस्योङ्ग-बासुकी सडक स्तरोन्नती, बुर्चेको मोड-शंखु-ड्याम सडक स्तरोन्नती तथा काम्लेचौर खेलमैदान लगायतका पूर्वाधार निर्माण।
- ९० प्रतिशतभन्दा बढी घरधुरीसम्म बढीमा ३० मिनेटको दूरीमा सडक पहुँच पुग्ने गरी सडक सञ्जाल विस्तार गरिएको।

- अधिकांश मुख्य तथा शाखा सडकमा बाह्रै महिना सवारी साधन सञ्चालन हुनसक्ने अवस्था सिर्जना गरिएको।
- करिब ९९ प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुऱ्याइएको।
- करिब ९९ प्रतिशत घरधुरीमा शौचालय प्रयोगको अवस्था कायम भएको।
- भेडेखर्कडोल, महाभिर तथा कालापानी-भूमिथुम्का लगायत ठूला खानेपानी आयोजना निर्माण सम्पन्न गरी हस्तान्तरणको प्रक्रियामा पुऱ्याइएको।
- विष्णुमाया स्मृति शंखु आधारभूत अस्पताल तथा चौघरे स्वास्थ्य चौकीका आधुनिक भवन निर्माण सम्पन्न गरिएको।
- भारदेउमा एकीकृत आधुनिक सेवा प्रवाह भवन तथा नल्लु स्वास्थ्य चौकी भवन निर्माणलाई निरन्तरता दिइएको।
- आ.व. २०८१/८२ को असोजमा बाढीबाट क्षति भएका ज्ञानज्योति आ.वि. तथा कालिदेवी आ.वि. बाहेक अधिकांश विद्यालयमा आधुनिक पक्की भवनको व्यवस्था भएको तथा मगरगाउँ माध्यमिक विद्यालयमा छात्रावास निर्माण गरिएको।
- १८९ जना सूचीकृत बेरोजगारलाई १४,९६० दिन रोजगारी प्रदान गरिएको र औसत ७९ दिन रोजगारी उपलब्ध भएको।
- न्यूनतम रोजगारीमा श्रम, इमान्दारिता तथा जवाफदेहिताको संस्कार विकास गर्दै "काम गरेपछि मात्र ज्याला" भन्ने मान्यता स्थापित गर्न योगदान पुऱ्याइएको।
- श्रम स्वीकृति सहजीकरण ५ जना, वैदेशिक रोजगारीसम्बन्धी ठगीमा २ जना तथा वैदेशिक रोजगार बोर्डको कल्याणकारी सेवामा ३ जनालाई सहजीकरण गरिएको।
- सीपमूलक तालिमका लागि २२ जना, होमस्टे तालिममा ८ जना तथा वैदेशिक रोजगारीबाट फर्किएका २५ जनालाई उद्यमशीलता तालिम प्रदान गरिएको।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममार्फत स्थानीय स्तरमा सीप तथा उद्यमशीलता विकास गरी आयआर्जनका अवसर सिर्जना गरिएको।
- होमस्टे व्यवस्थापन तथा रैथाने पाक शिक्षा तालिम सञ्चालन गरी स्थानीय मौलिक खाना तथा संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिएको।

- १७ जना लघु उद्यमीलाई ड्रम तथा बीउविजन वितरण गरी उद्यम सञ्चालन तथा उत्पादनमा सहयोग गरिएको।
- कृषि तथा पशुपालनसम्बन्धी ३५ जना कृषकलाई तालिम प्रदान गरी कृषि आधारित उद्यम तथा आयआर्जनका लागि क्षमता अभिवृद्धि गरिएको
- १३ जना लघु उद्यमीलाई एडभान्स सिलाई-कटाई सीप तालिम प्रदान गरिएको।
- २ वटा लघु उद्यमी समूहलाई ओभन तथा डी-फ्रिज उपलब्ध गराई सामूहिक उद्यम सञ्चालन तथा उत्पादन क्षमता अभिवृद्धि गरिएको।
- २५ जनालाई बेकरीसम्बन्धी तालिम प्रदान गरी स्वरोजगार तथा उद्यमशीलताका लागि आवश्यक सीप विकास गरिएको।
- रोजगारसम्बन्धी Referral Service, करिअर काउन्सेलिङ तथा समुदाय र विद्यालयस्तरमा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिएको।
- रोजगार संवाद मञ्च, समुदाय अभिमुखीकरण तथा एकीकृत रोजगार कार्यक्रम सञ्चालन गरिएको।
- त्रिवर्षीय रोजगार रणनीति (आ.व. २०८१/८२—२०८३/८४) तर्जुमा तथा श्रम बैंक निर्माण गरिएको।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई डिजिटल तथा VPN Connect मा आधारित बनाई सेवा प्रवाहलाई सुरक्षित र व्यवस्थित गरिएको।
- Direct EFT मार्फत सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी बनाइएको।
- बाल क्लब तथा किशोरी समूह परिचालन गरी बालअधिकार, नेतृत्व विकास तथा सामाजिक सचेतना अभिवृद्धि गरिएको।
- महिला उद्यमशीलता कार्यक्रममार्फत अचार बनाउने ४ जना, गड्यौला मल उत्पादन ९ जना तथा ब्युटिसियन सीपमा २ जनालाई सीप तथा उद्यमसँग जोडिएको।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरिएको।
- बाल विवाह अन्त्यका लागि ५ वटा सरोकारवालामुखी अन्तरक्रिया तथा प्रतिबद्धतात्मक कार्यक्रम सञ्चालन गरिएको।

- CBR कार्यक्रमअन्तर्गत ९५ जनाको अपाङ्गता स्क्रिनिङ, १९ जनाको स्वास्थ्य बीमा, १ जनालाई सहायक सामग्री तथा १ जनालाई औषधि उपचार सहयोग गरिएको।
- अपाङ्गता परिचयपत्र तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरणसम्बन्धी व्यवस्था कार्यान्वयन गरिएको।
- न्यायिक समितिअन्तर्गत ५ वटा मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापकर्ताको क्षमता विकास गरिएको।
- दर्ता भएका ४७ वटा मुद्दामध्ये ४५ वटा फछ्र्यौट गरी न्यायिक सेवा प्रवाहलाई प्रभावकारी बनाइएको।
- ५४ वटा सहकारीमध्ये २८ वटा सहकारीको अनुगमन गरिएको।
- २० वटा सहकारीका ४० जना पदाधिकारीलाई COPOMIS सम्बन्धी तालिम प्रदान गरिएको।
- आ.व. २०८०/८१ मा रु. ९०,८८,००० राजस्व संकलन भएकोमा आ.व. २०८२/८३ सम्म रु. १,७४,०१,५८० पुगेको।
- यस अवधिमा राजस्व संकलनमा रु. ८३,१३,५८० वृद्धि भई करिब १०९ प्रतिशत वृद्धि भएको।
- आ.व. २०८१/८२ देखि जग्गा तथा भौतिक संरचना दुवैको मूल्याङ्कनमा आधारित एकीकृत सम्पत्ति कर लागू गरिएको।
- विगतको नगदमा आधारित राजस्व संकलन प्रणालीबाट सुधार गरी QR/अनलाइन भुक्तानी प्रणाली समेत सञ्चालनमा ल्याइएको।

## मुख्य उपलब्धिहरु तथ्यांकमा

| **पाँच वर्षमा हासिल भएको प्रमुख उपलब्धि** | **तथ्यांक** |
|---|---|
| ऐन, कार्यविधि, नीति/नियमावली, आचारसंहिता तथा मापदण्ड निर्माण | **६३ वटा** |
| गाउँसभा बैठक सम्पन्न | **१८ वटा** |
| कार्यपालिका बैठक सम्पन्न(२०७९ पछिको ) | **६३ वटा** |
| O&M सर्वेक्षणमार्फत प्रस्तावित दरबन्दी | **१६८ जना** |
| भूमिहीन सुकुम्बासी/दलितलाई निस्सा वितरण | **४५ जना** |
| आ.व. २०८०/८१ को तुलनामा आ.व २०८२/८३मा राजस्व संकलनको वृद्धिदर | **१०९%** |
| पशुपन्छी बीमा सेवाको पहुँच | **करिब ७०%** |
| कृषकलाई उद्यमशीलता सम्बन्धि तालिम | **३५ जना** |
| ड्रम तथा बीउविजन प्राप्त गर्ने उद्यमी | **१७ जना** |
| एड्भान्स सिलाई-कटाई तालिम प्राप्त | **१० जना** |

| | |
|---|---|
| ओभन तथा डी-फ्रिज प्राप्त गर्ने समूह | **२ समूह** |
| बेकरीसम्बन्धी तालिम प्राप्त गर्ने | **२५ जना** |
| होमस्टे तथा रैथाने पाक शिक्षा तालिम | **८ जना** |
| वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई तालिम | **२५ जना** |
| सीपमूलक तालिमको लागि सहजीकरण | **२९ जना** |
| सूचीकृत बेरोजगारले प्राप्त गरेको रोजगारी | **१८९ जना** |
| कुल रोजगारी दिन | **१४,९६० दिन** |
| प्रतिव्यक्ति औसत रोजगारी | **७९ दिन** |
| वैदेशिक रोजगार बोर्डसम्बन्धी लागि सहजीकरण | ३ जना |
| राष्ट्रिय परिचयपत्र दर्ता | **करिब ६०० जना** |
| राष्ट्रिय परिचयपत्र वितरण | **३,६१७ वटा** |
| दर्ता भएका मुद्दा | **४७ वटा** |
| फछ्र्यौट भएका मुद्दा | **४५ वटा** |
| मेलमिलाप केन्द्र स्थापना | **६ वटा** |
| अनुगमन गरिएका सहकारी | **२८ वटा** |
| COPOMIS तालिम प्राप्त पदाधिकारी | **४० जना** |
| ३० मिनेटभित्र सडक पहुँच पुगेका घरधुरी | **९०% भन्दा बढी** |
| आधारभूत खानेपानी पहुँच | **करिब ९९% घरधुरी** |
| शौचालय प्रयोग गर्ने घरधुरी | **करिब ९९%** |
| ICT ल्याब स्थापना | **६ विद्यालय** |
| पुस्तकालय स्थापना | **७ विद्यालय** |
| विज्ञान प्रयोगशाला स्थापना | **६ विद्यालय** |
| न्यूनतम पूर्वाधारयुक्त ECD कक्षा | **९ विद्यालय** |
| त्रिवर्षीय रोजगार रणनीति | **१ वटा** |
| श्रम बैंक स्थापना | **१ वटा** |
| एकीकृत सूचना व्यवस्थापन प्रणाली | **१ प्रणाली** |
| विद्युतीय जिन्सी व्यवस्थापन प्रणाली | **PAMS/PAMS V2** |
| जग्गा तथा संरचनामा आधारित कर प्रणाली | **आ.व. २०८१/८२ देखि** |

केहि मुख्य मुख्य बौद्धिक/नीतिगत सम्पत्तिहरु

- गाउँ शिक्षा ऐन, २०७९ , प्रज्ञा प्रतिष्ठान गठनसम्बन्धी ऐन, २०८०

- पाँचवर्षे गाउँ शिक्षा योजना , आवधिक योजना र क्षेत्रगत योजना
- मध्यमकालीन खर्च संरचना लगायत ४९ वटा आयोजनाका डि.पी.आर
- त्रिवर्षीय रोजगार रणनीति, २०८१/८२—२०८३/८४ र श्रम बैंक
- विष्णुमाया स्मृति आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८२
- दिगो विकास लक्ष्यको स्थानीयकरण योजना
- विद्यालय व्यवस्थापन समिति गठनसम्बन्धी कार्यविधि, २०८०
- युवा तथा खेलकुदसम्बन्धी कार्यविधि र छात्रवृत्ति वितरणसम्बन्धी कार्यविधि, २०८०
- अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७८ र ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७९
- कार्यस्थलमा हुने यौनहिंसा/दुर्व्यवहार निवारण आचारसंहिता, २०७९
- बालअधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०८०
- गाउँपालिका बस्तुस्थिति बिवरण (प्रोफाइल ) र एकीकृत सूचना व्यवस्थापन प्रणाली (IIMS)

## खण्ड ग

## आर्थिक वर्ष २०८२/८३ को कार्यप्रगति तथा उपलब्धिहरू

### आर्थिक विकास समितितर्फ

- स्थानीय तथा रैथाने बालीको संरक्षण, प्रवर्द्धन तथा उत्पादन विस्तारका लागि ४६० जना कृषकलाई स्थानीय/रैथाने बीउ निःशुल्क तथा ४५० जना कृषकलाई ५० प्रतिशत अनुदानमा तरकारी बीउ उपलब्ध गराइएको।
- कृषियोग्य माटोको गुणस्तर सुधार तथा उत्पादन वृद्धि गर्ने उद्देश्यले ११६ वटा माटो नमुना परीक्षण गरी ५७५ बोरा कृषि चुन वितरण गरिएको।
- सामुदायिक बीउ बैंकको भवन मर्मत गरी ४० जना क्षमताको तालिम हल तथा २० जना क्षमताको आवासीय सुविधा विकास गरी कृषि तथा क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालनका लागि पूर्वाधार तयार गरिएको।
- रैथाने बाली तथा स्थानीय कृषि उत्पादनको प्रवर्द्धन एवं बजारीकरणका लागि १२×४० फिटको हाटबजार सञ्चालन संरचना निर्माण गरिएको।
- कृषि तथा पर्यटन प्रवर्द्धनका लागि १८ स्थानमा पर्यटकीय संकेत बोर्ड स्थापना तथा दलचोकी क्षेत्रमा सेल्फी स्टेसन निर्माण, भ्यूटावर तथा शौचालय मर्मत गरिएको।
- रैथाने बालीको उत्पादन, बीउ संरक्षण तथा परिकार विविधीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गरी कोदो दिवसका अवसरमा १९ प्रकारका कोदोका परिकार प्रदर्शन गरिएको।
- पशुपन्छी उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि ७९१ पशुमा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको, जसबाट ५५३ वटा सफल गर्भाधान भएको।
- पशुपालन व्यवसायको प्रवर्द्धनका लागि २१ वटा भकारो सुधार तथा मत्स्य उत्पादन प्रवर्द्धनका लागि ४ वटा माछापोखरी विकास गरिएको।

- पशु स्वास्थ्य सेवाअन्तर्गत ११,९७२ पशुमा उपचार तथा ६०० पशुको पशु बीमा सेवा प्रदान गरिएको।
- पशुजन्य रोग नियन्त्रण तथा रोकथामका लागि गाईभैंसी, बाख्रा तथा कुखुरामा परजीवी नियन्त्रण र विभिन्न रोगविरुद्ध खोप सेवा सञ्चालन गरिएको।
- दुग्ध उत्पादनमा संलग्न १६ वटा सहकारीमार्फत ६५७ जना कृषकलाई ३१ लाख ६८ हजार २४६ लिटर दूध उत्पादनमा प्रतिलिटर रु. १.७२ का दरले उत्पादन प्रोत्साहन अनुदान उपलब्ध गराइएको।
- सामुदायिक कुकुर व्यवस्थापन तथा रेबिज नियन्त्रणका लागि ७१ वटा सामुदायिक कुकुरको बन्ध्याकरण तथा रेबिजविरुद्ध खोप कार्यक्रम सञ्चालन गरिएको।
- लघु उद्यम विकास कार्यक्रमअन्तर्गत नयाँ उद्यमी सिर्जना तथा विद्यमान उद्यमीको स्तरोन्नति, उद्यमशीलता विकास, सीप अभिवृद्धि तथा प्रविधि हस्तान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।
- होमस्टे व्यवस्थापन, रैथाने परिकार, बेकरी तथा अन्य सीपमूलक कार्यक्रममार्फत स्थानीय स्तरमा उद्यमशीलता तथा आयआर्जनका अवसर सिर्जना गर्न सहजीकरण गरिएको।
- न्यूनतम रोजगारी कार्यक्रममार्फत ४९ जना बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराइएको तथा श्रम बैंकमार्फत श्रम तथा रोजगारसम्बन्धी विवरण अद्यावधिक गरिएको।
- सुरक्षित वैदेशिक रोजगारसम्बन्धी अभिमुखीकरण कार्यक्रममार्फत ५३८ जना लाभान्वित भएका तथा वैदेशिक रोजगारीबाट फर्किएका/सम्बन्धित व्यक्तिहरूको समन्वयका लागि कोन्ज्योसोम आप्रवासी सञ्जाल गठन गरिएको।
- सहकारी संस्थाको संस्थागत सुशासन, क्षमता विकास तथा नियमनका लागि गाउँपालिकामा रहेका ३७ मध्ये २८ वटा सहकारी संस्थाको अनुगमन गरिएको।
- सहकारी संस्थाहरूको डिजिटल अभिलेख व्यवस्थापन तथा सूचना प्रणाली सुदृढीकरणका लागि COPOMIS सम्बन्धी ३ दिने तालिम सञ्चालन गरी ४० जना सहभागीलाई क्षमता विकास गरिएको।
- सहकारी संस्थाहरूको सदस्य विवरण तथा संस्थागत विवरण COPOMIS मा प्रविष्ट गर्ने कार्यलाई अघि बढाउँदै अनलाइन प्रणालीमा आधारित अभिलेख व्यवस्थापनमा सहजीकरण गरिएको।
- कृषि, पशुपन्छी तथा मत्स्य, लघु उद्यम, रोजगार, सहकारी तथा पर्यटन क्षेत्रका कार्यक्रमहरूलाई स्थानीय स्रोत, उत्पादन, उद्यमशीलता तथा रोजगारीसँग आबद्ध गर्दै स्थानीय आर्थिक विकास र आयआर्जन प्रवर्द्धनमा योगदान पुऱ्याइएको।

## सामाजिक विकास समिति

- शिक्षा क्षेत्रको समग्र सुधार तथा व्यवस्थापनका लागि ५ वर्षे गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनको आधार तयार गरिएको तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नियमित अनुगमन, निरीक्षण तथा शैक्षिक सहजीकरण गरिएको।
- विद्यार्थीको शैक्षिक पहुँच तथा निरन्तरता अभिवृद्धिका लागि विभिन्न शीर्षकअन्तर्गत ३६४ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको, जसबाट छात्रा, विपन्न, दलित, अपाङ्गता भएका तथा उच्च शिक्षा अध्ययनरत विद्यार्थी लाभान्वित भएका।
- शिक्षक तथा विद्यार्थीको उत्कृष्ट कार्यसम्पादनलाई प्रोत्साहन गर्न १६ जना शिक्षक, ६ जना उत्कृष्ट विद्यार्थी तथा २ जना अवकाशप्राप्त शिक्षकलाई सम्मान गरिएको।

- शिक्षक तथा विद्यालय कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न विषयमा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी ९९ जना शिक्षक तथा कर्मचारीलाई सहभागी गराइएको तथा विषयगत छलफलमार्फत थप शैक्षिक सहजीकरण गरिएको।
- विद्यालयको शैक्षिक व्यवस्थापनलाई थप व्यवस्थित बनाउन १८४ जना शिक्षक तथा करिब १,६०० जना विद्यार्थीलाई डायरी वितरण गरिएको तथा शैक्षिक गतिविधिको अभिलेखीकरण र व्यवस्थापनमा सहजीकरण गरिएको।
- प्रविधिमैत्री शिक्षण सिकाइको विकासका लागि ६ वटा माध्यमिक विद्यालयमा विद्युतीय हाजिरी प्रणाली जडान गरी सञ्चालनमा ल्याइएको तथा ६ वटा विद्यालयमा स्मार्ट बोर्डको व्यवस्था गरिएको।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्न ICT तथा विज्ञान प्रयोगशाला स्थापना गरी विद्यार्थीको प्रयोगात्मक तथा प्रविधिमैत्री सिकाइलाई थप प्रभावकारी बनाइएको।
- विद्यालयको अतिरिक्त तथा सिर्जनात्मक गतिविधि प्रवर्द्धनका लागि शैक्षिक प्रदर्शनी, स्काउट, ReAL कार्यक्रम तथा विभिन्न शैक्षिक गतिविधि सञ्चालन गरिएको।
- स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि ५ वटा स्वास्थ्य चौकी, १ शंखु आधारभूत अस्पताल तथा १ सामुदायिक स्वास्थ्य इकाइमार्फत नियमित स्वास्थ्य सेवा प्रवाह गरिएको।
- स्वास्थ्य संस्थाबाट सेवा लिने सेवा ग्राहीहरुको संख्या जम्मा १६,८०० जना, खोप क्लिनिकबाट ६५६ जना, महिला स्वास्थ्य स्वयंसेविकामार्फत ६,२१६ जना तथा गाउँघर क्लिनिकमार्फत १,८५८ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराइएको।
- बालबालिकाको नियमित खोप सुनिश्चित गर्न ५ वर्षमुनिका ४११ जना बालबालिकालाई पूर्णखोप सुनिश्चित गरी पालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको।
- किशोरीको स्वास्थ्य सुरक्षाका लागि कक्षा ६ मा अध्ययनरत ७४ जना छात्रालाई HPV खोप प्रदान गरिएको।
- नसर्ने रोगको समयमै पहिचान तथा रोकथामका लागि ५९४ जनाको स्वास्थ्य परीक्षण गरिएको तथा परीक्षणका क्रममा १९४ जनामा उच्च रक्तचाप र २७ जनामा मधुमेह पहिचान गरी आवश्यक परामर्श तथा स्वास्थ्य सेवामा सहजीकरण गरिएको।
- विशेषज्ञ स्वास्थ्य सेवा समुदायस्तरमै उपलब्ध गराउन एकीकृत जनस्वास्थ्य शिविर सञ्चालन गरी मुटु, आँखा, दाँत, बालरोग, छाला, हाडजोर्नी, मानसिक स्वास्थ्य तथा आयुर्वेदलगायतका स्वास्थ्य सेवा उपलब्ध गराइएको।
- स्थानीयस्तरमा गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्न शंखु आधारभूत अस्पताल सञ्चालनमा ल्याई प्रयोगशाला, बहिरंग, आकस्मिक तथा प्रसूति सेवासहित आधारभूत स्वास्थ्य सेवा प्रवाह गरिएको।
- महिला सशक्तीकरण तथा स्वरोजगार प्रवर्द्धनका लागि १३ जना महिलालाई एड्भान्स ब्युटिसियनसम्बन्धी सीपमूलक तालिम प्रदान गरी सीप विकास तथा आयआर्जनका लागि सक्षम बनाइएको।
- लैङ्गिक हिंसा न्यूनीकरण तथा सामाजिक सचेतना अभिवृद्धिका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गरी सडक नाटक, र्‍याली तथा सचेतनामूलक कार्यक्रममार्फत ११७ जनाको सहभागिता सुनिश्चित गरिएको।

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धनका लागि GESI सम्बन्धी २ दिने कार्यशाला सञ्चालन गरी ६० जना सरोकारवालाको सहभागिता सुनिश्चित गरिएको तथा समावेशी नीति तथा कार्यक्रम निर्माणसम्बन्धी क्षमता अभिवृद्धि गरिएको।
- बाल विवाह न्यूनीकरण तथा रोकथामका लागि गाउँपालिकाका ५ वटै वडामा अन्तरक्रिया तथा प्रतिबद्धता कार्यक्रम सञ्चालन गरी समुदायका सरोकारवाला, सामाजिक तथा धार्मिक अगुवालाई बाल विवाह रोकथाम अभियानमा सहभागी गराइएको।
- बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न पालिका तथा वडा स्तरीय बाल भेला सञ्चालन गरी ३११ जना बालबालिकाको सहभागिता सुनिश्चित गरिएको तथा बालबालिकाका प्राथमिकतामा आधारित योजना तथा कार्यक्रम गाउँपालिकासमक्ष प्रस्तुत गरिएको।
- बालअधिकार तथा बाल संरक्षणसम्बन्धी सचेतना अभिवृद्धिका लागि वक्तृत्वकला, निबन्ध, चित्रकला तथा अन्य सिर्जनात्मक कार्यक्रम सञ्चालन गरी बालबालिकाको क्षमता विकास तथा सहभागितालाई प्रोत्साहन गरिएको।
- युवा सहभागिता तथा नेतृत्व विकासका लागि युवा नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गरी युवालाई सामाजिक विकास, स्वयंसेवा तथा स्थानीय विकासका गतिविधिमा सहभागी गराइएको।
- खेलकुद क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि विभिन्न खेलकुद गतिविधि सञ्चालन, समन्वय तथा अनुगमन गरी युवाको खेलकुदमा सहभागिता अभिवृद्धि गरिएको।
- स्थानीय कला, भाषा, साहित्य तथा संस्कृतिको संरक्षणका लागि प्रज्ञा प्रतिष्ठानमार्फत स्थानीय भाषा, साहित्य, कला, संस्कृति, परम्परा तथा मौलिक सम्पदासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।
- स्थानीय प्रतिभा तथा सांस्कृतिक पहिचानको प्रवर्द्धनका लागि प्रतिभा सम्मान, अनुसन्धान, प्रकाशन तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरी स्थानीय मौलिकता र पहिचानको संरक्षणमा योगदान पुऱ्याइएको।
- सामाजिक विकासका विभिन्न क्षेत्रबीच समन्वय तथा सहकार्य अभिवृद्धि गर्दै शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, युवा तथा खेलकुद, संस्कृति तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरी सेवा प्रवाहको पहुँच र प्रभावकारिता बढाइएको।
- समग्र सामाजिक विकासतर्फ लक्षित वर्गको सहभागिता, सेवा पहुँच, क्षमता विकास, सामाजिक समावेशीकरण तथा जनस्वास्थ्य र शिक्षाको गुणस्तर सुधारमा जोड दिई आर्थिक वर्ष २०८२/०८३ का स्वीकृत कार्यक्रमहरू कार्यान्वयन गरिएको।

## पूर्वाधार विकास समिति

- योजना व्यवस्थापनतर्फ दोस्रो आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तथा बजेट तर्जुमामा सहजीकरण गरी योजनाबद्ध विकास कार्यलाई अघि बढाइएको।
- सडक पूर्वाधारतर्फ २,४३० मिटर नयाँ ट्र्याक, ८७९.४ मिटर सडक ढलान, १,३२२ मिटर सब—बेस र ३१० मिटर बेस निर्माण सम्पन्न गरिएको।
- १,०९० मिटर कच्ची नाली, ७८० मिटर पक्की नाली, ४८५ मिटर सडक चौडा तथा ६३ मिटर ह्युम पाइप/पाइप जडान कार्य सम्पन्न गरिएको।

- खानेपानीतर्फ १,१०१ मिटर पाइपलाइन विस्तार तथा १ वटा ट्यांकी/इन्टेक मर्मत कार्य सम्पन्न गरिएको।
- भवन पूर्वाधारतर्फ ५ वटा विद्यालय भवन तथा १ वटा स्वास्थ्य भवन नयाँ निर्माण, २ वटा विद्यालय भवन मर्मत तथा ३ वटा सामुदायिक भवन/ट्रस निर्माण सम्पन्न गरिएको।
- धार्मिक तथा सांस्कृतिक पूर्वाधारतर्फ ४ वटा मन्दिर/चर्च/गुम्बा नयाँ निर्माण तथा ३ वटा मर्मत कार्य सम्पन्न गरिएको।
- २ वटा खेलमैदान निर्माण तथा सिँचाइतर्फ १ वटा संरचना मर्मत कार्य सम्पन्न गरिएको।
- संघीय सरकारबाट हस्तान्तरित ६ वटा आयोजनामध्ये विद्यालय छात्रावास, स्वास्थ्य सामग्री तथा उपकरण, स्वास्थ्य चौकी भवन, सडक स्तरोन्नति तथा झोलुङ्गे पुललगायतका आयोजनामा उल्लेख्य भौतिक प्रगति हासिल गरिएको।
- प्रदेश सरकारबाट हस्तान्तरित ९ वटा आयोजना तथा साझेदारीतर्फ ५ वटा आयोजना कार्यान्वयन गरी सडक, विद्यालय, खेलमैदान, तटबन्ध तथा अन्य सार्वजनिक पूर्वाधार विकासमा योगदान पुऱ्याइएको।
- आयोजनाको अनुगमन तथा सुपरीवेक्षण, भुक्तानी तथा फरफारक सहजीकरण, तथ्याङ्क व्यवस्थापन एवं LG PAS/NNRFC प्रतिवेदन प्रणालीमा प्रगति प्रविष्टि गर्दै विकास व्यवस्थापन तथा सेवा प्रवाहलाई व्यवस्थित गरिएको।

## वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

- वन, वातावरण तथा विपद् व्यवस्थापन समितिमार्फत विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई संस्थागत गर्दै १३ वटा बैठक सम्पन्न गरिएको तथा गाउँपालिकाका सबै ५ वटै वडामा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको।
- विपद् प्रतिकार्य तथा जोखिम न्यूनीकरणका लागि ९,४९० लिटर डिजेल, गाउँपालिकाको ब्याकहो लोडर तथा निजी मेसिन/सवारी साधन परिचालन गरी प्रभावित क्षेत्रमा तत्काल व्यवस्थापन तथा आवश्यक कार्य सञ्चालन गरिएको।
- विपद् व्यवस्थापनका क्रममा आवश्यक ज्यामी, अपरेटर तथा फिल्ड जनशक्ति परिचालन गरी विभिन्न वडामा आवश्यक खाना तथा खाजाको व्यवस्थापन गरिएको।
- बाढी, पहिरो, आगलागी लगायतका प्रकोपबाट प्रभावित १३ जनालाई रु. १,४६,००० तत्काल राहत उपलब्ध गराउनुका साथै १६१ लाभग्राहीका लागि अस्थायी आवास निर्माणबापत रु. ४०,२५,००० निकासा गरी भुक्तानी गरिएको।
- विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका लागि बुढानीलकण्ठ नगरपालिकाबाट रु. ५ लाख अनुदान तथा सिँचाइ डिभिजन कार्यालयबाट ३५० थान ग्याबिन जाली प्राप्त गरिएको।
- वातावरण संरक्षण तथा फोहोर व्यवस्थापनलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्लास्टिक रिसाइकल मेसिन खरिद सम्पन्न गरिएको।

- गाउँसभाबाट स्वीकृत आ.व. २०८२/०८३ का योजना तथा कार्यक्रमहरू कार्यान्वयन सम्पन्न गर्दै विपद् व्यवस्थापनमा जनप्रतिनिधि, कर्मचारी, स्थानीय समुदाय तथा सरोकारवालाबीच समन्वय र सहकार्य कायम गरिएको।
- विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउन पूर्वतयारी, जोखिम न्यूनीकरण, स्रोतसाधन व्यवस्थापन तथा शाखा/वडा तहबीचको समन्वय र सहकार्यलाई आगामी प्राथमिकताका रूपमा पहिचान गरिएको।

## सुशासन तथा संस्थागत विकास समिति

- गाउँसभा, गाउँ कार्यपालिका, कर्मचारी बैठक, समिति बैठक, गोष्ठी, अन्तरक्रिया, समीक्षा तथा सामाजिक परीक्षणलगायतका बैठक तथा कार्यक्रमहरूको नियमित सञ्चालन तथा व्यवस्थापन गरिएको।
- गाउँपालिकाको प्रशासनिक तथा संस्थागत कार्यसम्पादनलाई व्यवस्थित बनाउन कर्मचारी हाजिरी, विदा, रमाना/काज, करार सेवा, नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन, सम्पत्ति विवरण, जिन्सी व्यवस्थापन, पत्राचार तथा अभिलेख व्यवस्थापनलगायतका प्रशासनिक कार्यहरू नियमित रूपमा सम्पादन गरिएको।
- संगठन तथा व्यवस्थापन सर्वेक्षणअनुसार स्वीकृत दरबन्दी तथा जनशक्ति व्यवस्थापनलाई कार्यान्वयनमा ल्याई गाउँपालिका तथा मातहतका कार्यालयमा आवश्यक कर्मचारी व्यवस्थापन गरिएको।
- गाउँपालिकाको कार्यसम्पादनलाई कानुनी आधार प्रदान गर्न विभिन्न ऐन, कार्यविधि, नीति, नियमावली, मापदण्ड तथा आचारसंहिताको निर्माण, संशोधन, प्रमाणीकरण तथा स्थानीय राजपत्रमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइएको। हालसम्म १० ऐन, ४४ कार्यविधि, ७ नीति/नियमावली तथा २ मापदण्ड/आचारसंहिता गरी ६३ वटा कानुनी दस्तावेज निर्माण भएको देखिन्छ।
- न्यायिक समिति तथा कानुनी कार्यसम्बन्धी प्राप्त उजुरी तथा विवादहरूको सुनुवाइ, मेलमिलाप तथा आवश्यक सहजीकरण गरिएको; प्राप्त ८ उजुरीमध्ये ५ वटा फर्छ्यौट गरिएको।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई निरन्तरता दिई लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण भुक्तानी गरिएको।
- राजस्व प्रशासन तथा आन्तरिक आय व्यवस्थापनतर्फ विभिन्न कर, शुल्क, दस्तुर तथा दहत्तर-बहत्तरसम्बन्धी राजस्व संकलन गरिएको। आन्तरिक राजस्वतर्फ रु. ६६,७२,२५८.१९ तथा दहत्तर-बहत्तरतर्फ रु. १,०७,२९,३२२.५२ संकलन भएको छ।
- राजस्व तथा संस्थागत व्यवस्थापनअन्तर्गत निर्माण व्यवसायी, खानेपानी मुहान, उपभोक्ता संस्था, महिला समूह, सामाजिक संघसंस्था तथा कृषि समूहको दर्ता/नवीकरण तथा अभिलेखीकरण गरिएको।

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीसम्बन्धी विवरण संकलन तथा NALCIS प्रणालीमा प्रविष्टि गर्ने कार्य अघि बढाइएको।
- गाउँपालिका तथा मातहतका कार्यालयमा रहेका भौतिक तथा विद्युतीय सम्पत्तिको अभिलेख तथा व्यवस्थापनलाई व्यवस्थित गरिएको; कम्प्युटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, सवारी साधन, जेसीभी, एम्बुलेन्सलगायतका सम्पत्तिको अभिलेख कायम गरिएको।
- सार्वजनिक सेवा प्रवाह तथा कार्यालय सञ्चालनमा सूचना प्रविधिको प्रयोग विस्तार गर्दै अधिकांश कार्यालयीय कार्यलाई प्रविधिमैत्री बनाइएको।
- कार्य सञ्चालन पात्रो तथा बजेट किताब प्रकाशन गरी स्वीकृत योजना तथा कार्यक्रमलाई निर्धारित समय र प्रक्रियाअनुसार सञ्चालन गर्ने व्यवस्था मिलाइएको।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अन्तरपालिका समन्वयात्मक बैठक तथा विभिन्न सरोकारवालासँगको अन्तरक्रिया सञ्चालन गरी पारदर्शिता, जवाफदेहिता तथा समन्वय प्रवर्द्धन गरिएको।
- जनप्रतिनिधि, कर्मचारी तथा सम्बन्धित सरोकारवालाको क्षमता विकासका लागि मेलमिलापकर्ताको पुनर्ताजगी तालिम तथा मोबाइल फोटोग्राफी, भिडियोग्राफी एवं कन्टेन्ट क्रियसनसम्बन्धी तालिम सञ्चालन गरिएको।
- गाउँपालिका तथा मातहतका कार्यालयमा कार्यरत कर्मचारीको कार्यबोझ तथा जिम्मेवारीका आधारमा इन्धन तथा मर्मत खर्चलाई मितव्ययी एवं व्यवस्थित बनाउने कार्य गरिएको।
- विगतका आर्थिक वर्षहरूको अन्तिम लेखापरीक्षणमा शून्य बेरुजु कायम राख्दै वित्तीय अनुशासन तथा सुशासनमा निरन्तरता कायम गरिएको।

## न्यायिक समितितर्फका उपलब्धि

- न्यायिक समितिमा आ.व. २०८२/८३ सम्म प्राप्त ८९ वटा निवेदनमध्ये ८८ वटा फछ्र्यौट गरी न्यायिक सेवा प्रवाहलाई प्रभावकारी बनाइएको।
- स्थानीय तहमा मेलमिलाप प्रक्रियामार्फत विवाद समाधान गर्न ५ वटा वडा कार्यालयमा मेलमिलाप केन्द्र सञ्चालन गरिएको।
- मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि ३ दिने तालिम सञ्चालन गरी २८ जना मेलमिलापकर्तालाई सहभागी गराइएको।
- न्यायिक समितिको कार्यसम्पादन, अनुगमन तथा बैठकसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको।
- कानुनी साक्षरता तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी स्थानीय नागरिकमा कानुनी सचेतना अभिवृद्धि गरिएको।

- न्यायिक पहुँच विस्तारअन्तर्गत उपभोक्ता अदालतसम्बन्धी न्यायिक पहुँच कार्यक्रम सञ्चालन गरिएको।
- न्यायिक समितिको अधिकारक्षेत्रभित्रका विवादमा दुवै पक्षलाई उपस्थित गराई मेलमिलापमार्फत विवाद समाधान तथा आवश्यकताअनुसार वडा कार्यालयमा मेलमिलापका लागि पठाउने कार्य गरिएको।
- जन्म दर्तासम्बन्धी कार्यमा स्थलगत सर्जमिन मुचुल्का गरी सेवा प्रवाहमा सहजीकरण गरिएको।
- न्यायिक समितिको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक सामग्री खरिद तथा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य सम्पन्न गरिएको।

## वडा नं१ ,चौघरेको मुख्य मुख्य उपलब्धि

- स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटअन्तर्गतका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गरी अधिकांश आयोजना समयमै सम्पन्न गरिएको।
- सडक, सिंढी बाटो, सार्वजनिक संरचना तथा विद्यालय पहुँचमार्ग निर्माण एवं स्तरोन्नतिसम्बन्धी पूर्वाधार विकासका कार्यहरू सम्पन्न गरिएको।
- चौघरे वडा कार्यालय, विद्यालय तथा सार्वजनिक स्थानमा सी.सी.टी.भी जडान गरी सार्वजनिक सुरक्षा तथा निगरानी व्यवस्था सुदृढ गरिएको।
- कृषि तथा पशुपालनको व्यावसायिकीकरण तथा कृषि—पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी स्थानीय उत्पादन तथा आयआर्जन अभिवृद्धिमा सहयोग पुऱ्याइएको।
- शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धिका लागि कक्षा—५ को वडास्तरीय परीक्षा सञ्चालन तथा समीक्षा एवं एस.ई.ई.मा उत्कृष्ट/उत्तीर्ण विद्यार्थी तथा विषयगत शिक्षकलाई सम्मान गरिएको।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा एकल महिलालक्षित सामाजिक संरक्षण तथा सहयोगका कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई सेवा तथा सामग्री उपलब्ध गराइएको।
- स्थानीय भाषा, संस्कृति, परम्परा तथा तामाङ सांस्कृतिक पहिचान संरक्षणका लागि चाडपर्व, सांस्कृतिक कार्यक्रम तथा बाजागाजा संरक्षणसम्बन्धी गतिविधि सञ्चालन गरिएको।
- खेलकुद क्षेत्रको प्रवर्द्धनका लागि विद्यालय तथा स्थानीय क्लबलाई खेलकुद सामग्री वितरण गर्नुका साथै विभिन्न प्रतियोगितामा उल्लेखनीय उपलब्धि हासिल गरिएको।
- वन, वातावरण तथा सरसफाइ संरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरी सामुदायिक वन व्यवस्थापन तथा वातावरणीय संरक्षणमा योगदान पुऱ्याइएको।
- बाल विवाह न्यूनीकरणका लागि सम्बन्धित शाखासँगको समन्वयमा पहल गरी ३ जोडी बाल विवाह रोकथाम गरिएको।

- वडा कार्यालयबाट नागरिकता, व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित, विभिन्न सिफारिस तथा अन्य प्रशासनिक सेवा नियमित रूपमा प्रवाह गरी जम्मा ५३७ चलानीमार्फत सेवा प्रदान गरिएको।
- सामाजिक सुरक्षा भत्ता नियमित रूपमा वितरण गर्नुका साथै आन्तरिक राजस्वतर्फ जम्मा रु. ८,८८,५४२.५० संकलन गरिएको।
- वडा कार्यालयको भौतिक संरचनालाई सार्वजनिक प्रयोजनमा अधिकतम उपयोग गर्दै विभिन्न सरकारी तथा सार्वजनिक संस्थालाई आवश्यक स्थान उपलब्ध गराइएको।

## वडा नं२ ,शंखुको मुख्य मुख्य उपलब्धि

- वित्तीय प्रगतिः कुल रु. ४३ लाख ९२ हजार बजेट विनियोजन भएकोमा रु. ४१ लाख ८७ हजार खर्च भई ९५.३२ प्रतिशत वित्तीय प्रगति हासिल भएको।
- राजस्व संकलनः वडा कार्यालयबाट रु. ६ लाख ५० हजार २५७.७४ राजस्व संकलन गरिएको।
- प्रशासनिक तथा सिफारिस सेवाः जन्म ५५, मृत्यु २१, विवाह १९ जोडी, बसाइँसराइ ५ परिवार तथा सम्बन्धविच्छेद ४ जोडीको व्यक्तिगत घटना दर्ता सेवा प्रदान गरिएको। साथै नयाँ नागरिकता ४४, प्रतिलिपि नागरिकता ४८, ज्येष्ठ नागरिक परिचयपत्र २५ र नाबालक परिचयपत्र ४ वटा सिफारिस गरिएको।
- सामाजिक सुरक्षा सेवाः विभिन्न लक्षित समूहका गरी जम्मा २३२ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको।
- स्थानीय पूर्वाधार विकासः दूध चिस्यान केन्द्र, मन्दिर तथा ट्रष्ट, गोरेटो तथा मोटरबाटो, खानेपानी, भल तथा पहिरो नियन्त्रण, वडा कार्यालय शौचालयलगायतका १५ वटा पूँजीगत आयोजना मध्ये अधिकांश आयोजना सम्पन्न गरिएको।
- शिक्षा क्षेत्रः २ वटा माध्यमिक विद्यालयमा एस.ई.ई. तयारी कक्षा सञ्चालन गरी दुवै विद्यालयबाट एस.ई.ई. परीक्षामा १०० प्रतिशत विद्यार्थी उत्तीर्ण भएको उपलब्धि हासिल गरिएको।
- कृषि तथा पशुपालनः समुदायमा आधारित 'एक वडा एक कृषि उत्पादन कार्यक्रमअन्तर्गत १४ वटा गोठ निर्माण, ९ वटा गोठ मर्मत, १३ वटा भकारो सुधार, ३० वटा गाई खरिद तथा ११ वटा यन्त्र/उपकरण खरिद सम्पन्न गरिएको।
- कृषि प्रवर्द्धन तथा कृषक सेवाः ४४४ जना कृषकलाई बीउ वितरण, १ पटक कृषक भ्रमण तथा १ पटक पशुपरजीवी नियन्त्रण कार्यक्रम सञ्चालन गरिएको।
- सामाजिक, सांस्कृतिक तथा खेलकुद विकासः महिला विशेष कार्यक्रम, शैक्षिक भ्रमण, खेलकुद विकास तथा शंखुछ्योर्तेनडाँडा ल्होछार विशेष कार्यक्रम सञ्चालन गरिएको; खेलकुदतर्फ १२ वटा टिम सहभागी गराई भलिबल प्रतियोगिता सम्पन्न गरिएको।

- प्रदेशगत आयोजना तथा सुशासनः प्रदेशबाट सञ्चालित ६ वटा आयोजना मध्ये खेलमैदान, मन्दिर, बुद्धपोखरी, चिहानपाटी तथा सडकसम्बन्धी अधिकांश आयोजना सम्पन्न गरिएको तथा १ पटक सार्वजनिक परीक्षण र १ पटक सार्वजनिक सुनुवाइ सम्पन्न गरिएको।

## वडा नं.३ दलचोकी को मुख्य मुख्य उपलब्धि

- कृषि तथा कृषि—पर्यटन प्रवर्द्धनमार्फत कृषकको उत्पादन, उत्पादकत्व तथा आयआर्जन अभिवृद्धिमा योगदान पुऱ्याइएको।
- १५३ कृषक घरधुरीलाई बुद्धचित्तका बिरुवा तथा ८८ कृषक घरधुरीलाई विभिन्न फलफूल तथा तरकारीका उन्नत बिरुवा/बीउ वितरण गरी व्यावसायिक एवं दिगो कृषि प्रवर्द्धन गरिएको।
- मौरीपालन तथा जैविक कृषि प्रवर्द्धनका लागि आवश्यक कृषि सामग्री तथा सेवा उपलब्ध गराई स्थानीय उत्पादनलाई प्रोत्साहन गरिएको।
- पशु स्वास्थ्य सेवाअन्तर्गत १४६ सेवाग्राहीलाई सेवा प्रदान गरी २,२०० पशुपन्छीलाई औषधि तथा उपचार सेवा उपलब्ध गराइएको।
- स्थानीय सडक, खानेपानी, खोल्सा नियन्त्रण, सार्वजनिक शौचालयलगायतका भौतिक पूर्वाधारसम्बन्धी अधिकांश आयोजना निर्धारित लक्ष्यअनुसार सम्पन्न गरिएको।
- शिक्षा, स्वास्थ्य, दलित उत्थान तथा सामाजिक समावेशीकरणका क्षेत्रमा लक्षित कार्यक्रम सञ्चालन गरी आधारभूत सेवा प्रवाह तथा सामाजिक विकासलाई सुदृढ गरिएको।
- धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण तथा प्रवर्द्धनमार्फत स्थानीय पर्यटन विकासमा योगदान पुऱ्याइएको।
- सामाजिक सुरक्षा, नागरिकता, व्यक्तिगत घटना दर्ता, सिफारिस, राजस्वलगायतका सार्वजनिक सेवाहरू नियमित एवं व्यवस्थित रूपमा प्रवाह गर्दै पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन गरिएको।

## वडा नं.४ नल्लु को मुख्य मुख्य उपलब्धि

- वडा कार्यालयबाट १३ वटा योजना तथा आयोजना कार्यान्वयन गरी अधिकांश आयोजना सम्पन्न गरिएको तथा सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, धार्मिक तथा सांस्कृतिक सम्पदा र कार्यालय व्यवस्थापनतर्फ पूर्वाधार विकासमा योगदान पुऱ्याइएको।
- ठुलोगाउँ—सोपलडाँडा मोटरबाटो ढलान, देबिथान-वडा कार्यालय मोटरबाटो स्तरोन्नति, सोपलडाँडा—डेदोरडाँडा—गोल्चे मोटरबाटो, स्वास्थ्यचौकी-खोल्माडाँडा पक्की गोरेटोबाटो लगायतका सडक तथा पदमार्गसम्बन्धी आयोजना सम्पन्न गरी वडा क्षेत्रको आवागमनमा सुधार गरिएको।
- साविक वडा नं. ६ मन्दिर, गुप्त रतम्मेश्वर कैलाशपती महादेव मन्दिर, महाङ्काल मन्दिर लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाको निर्माण, संरक्षण तथा स्तरोन्नति कार्य सम्पन्न गरी स्थानीय सम्पदाको संरक्षणमा योगदान पुऱ्याइएको।

- देवी आधारभूत विद्यालय स्तरोन्नति तथा वडा कार्यालय र स्वास्थ्यचौकीको फर्निचर तथा कार्यालय व्यवस्थापनसम्बन्धी कार्य सम्पन्न गरी शैक्षिक तथा सेवा प्रवाहको भौतिक पूर्वाधारमा सुधार गरिएको।
- वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १८८ जना लाभग्राहीलाई नियमित सेवा प्रदान गरिएको, जसमा ज्येष्ठ नागरिक १०२, विधवा ६९, पूर्ण अपाङ्ग ५ र अति अशक्त १२ जना रहेका छन्।
- व्यक्तिगत घटना दर्तातर्फ ८९ जन्मदर्ता, २१ मृत्युदर्ता, २६ विवाह दर्ता, ४ सम्बन्धविच्छेद तथा २ परिवारको बसाइँसराइ अभिलेखीकरण गरिएको।
- प्रशासनिक सेवा प्रवाहतर्फ ६७१ चलानी र २४७ दर्ता कायम गरिएको तथा २४ नयाँ नागरिकता, १७ नागरिकता प्रतिलिपि र ५ नयाँ व्यवसाय दर्तासम्बन्धी सेवा प्रदान गरिएको।
- आर्थिक वर्ष २०८२/०८३ मा वडा कार्यालयबाट विभिन्न शीर्षकमा रु. १२ लाख २४ हजार ३०४.८७ राजस्व संकलन गरिएको।
- सेवाग्राहीमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिँदै रोलक्रमअनुसार सेवा प्रवाह, कार्यालय व्यवस्थापनमार्फत सेवाग्राहीको बसाइमा सहजता तथा अशक्त र ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक आवतजावतमा सहयोग गर्ने अभ्यासलाई निरन्तरता दिइएको।
- स्थानीय तहमा देखिने स-साना विवाद तथा समस्याको स्थानीयस्तरमै समाधान तथा सहजीकरण गर्दै सामाजिक सद्भाव र सेवाग्राहीमैत्री वडा प्रशासन प्रवर्द्धन गरिएको।

## वडा नं.५ भारदेउ को मुख्य मुख्य उपलब्धि

- कुल रु. ४४ लाख पुँजीगत बजेट विनियोजन भई विभिन्न १७ वटा आयोजना सञ्चालन गरिएको।
- पुँजीगततर्फ ९५ प्रतिशत आर्थिक प्रगति हासिल भएको तथा चालुतर्फ विनियोजित रु. ९ लाख ९२ हजार २२० मध्ये रु. ९ लाख ७४ हजार ७११ खर्च भई ९८ प्रतिशत प्रगति हासिल भएको।
- सडक तथा यातायात पूर्वाधारतर्फ मोटरबाटो स्तरोन्नति, गोरेटो तथा सिँढी बाटो निर्माण, पुल निर्माण र ड्रेन/कुलो निर्माण लगायतका १४ वटा स्थानीय आयोजना कार्यान्वयन गरिएको।
- कुन्नेकाली मन्दिर निर्माण, छोर्तेन गुम्बा रङरोगन तथा तामाङ सम्पदा पदमार्ग लगायतका धार्मिक, सांस्कृतिक तथा पर्यटन पूर्वाधारसम्बन्धी ३ वटा आयोजना सञ्चालन गरिएको।
- ७ दिने उद्घोषण तालिममा १८ जना, बालविवाह न्यूनीकरणसम्बन्धी अभिमुखीकरणमा ६६ जना र महिला मानसिक स्वास्थ्य सचेतना कार्यक्रममा ५५ जना सहभागी भएका।
- महिला स्वास्थ्य स्वयंसेविका लक्षित कार्यक्रममा २३ जना, बोधिचित्त बिरुवा वितरण कार्यक्रममा ७३ जना, खेलकुद कार्यक्रममा १५ जना तथा बालबालिका लक्षित कार्यक्रममा १६ जना सहभागी भएका।

- वडा कार्यालयबाट विभिन्न शीर्षकमा रु. ८ लाख ५० हजार ८७५ राजस्व संकलन गरिएको, जसमा सिफारिस दस्तुरबाट रु. ४ लाख ५५ हजार ७६६ र सम्पत्ति करतर्फ रु. १ लाख ५१ हजार ४१० संकलन भएको।
- व्यक्तिगत घटना दर्तातर्फ ३८ जन्म, २१ मृत्यु, ६ सम्बन्धविच्छेद, २४ विवाह तथा १३ बसाइँसराइसम्बन्धी घटना दर्ता गरिएको।
- नागरिकता सिफारिसतर्फ ५७ नयाँ नागरिकता र ३४ प्रतिलिपि गरी जम्मा ९१ वटा सिफारिस गरिएको।
- सामाजिक तथा समावेशी विकासतर्फ स्नातक तह उत्तीर्ण अविवाहित महिलालाई नगद सम्मान, महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान तथा स्वास्थ्य सामग्री वितरण, पूर्ण खोप वडा घोषणा, बालक्लबलाई खेलकुद सामग्री हस्तान्तरण लगायतका ६ वटा अनुकरणीय कार्यक्रम सञ्चालन गरिएको।

- **गाउँपालिका को प्रशासन शाखाको ब्यवस्थापन र संलग्नतामा गत आ.वमा तपशिल अनुसारका बैठक तथा कार्यक्रम सम्पन्न गरिएको**

(क) सभा- २ वटा

(ख) कार्यपालिका- १४ वटा

(ग) कर्मचारी बैठक- ११ वटा

(घ) गोष्ठी/अन्तरक्रिया/छलफल/बैठक- ६ वटा
(सुशासन तथा संस्थागत क्षमता विकास समिति, राजश्व प्रशासन, आवधिक योजना र मध्यमकालीन खर्च संरचना)

(ङ) सार्वजनिक सुनुवाई - ६ वटा (वडास्तर र पालिकास्तरमा )

(च) समीक्षा-२ वटा (बार्षिक-१, बलथली र अर्धबार्षिक-१ सभाहल)

**व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन**

**दर्ता मिति देखि:** २०८२-०४-०१ **दर्ता मिति सम्म:** २०८३-०३-३०

| वडा | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | बिवाह दर्ता जम्मा | बसाई सरी आए | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्य संख्या | |
| चौघरे | ३१ | २२ | ५३ | १५ | ६ | २१ | १ | १९ | | | ३ | १३ | ९७ |
| शंखु | २७ | २७ | ५४ | १२ | ९ | २१ | ४ | १९ | १ | ३ | ४ | १२ | १०३ |
| दलचोकी | १६ | १३ | २९ | १० | ५ | १५ | | १६ | | | ६ | २६ | ६६ |
| नल्लु | ४३ | ४६ | ८९ | १० | ११ | २१ | ४ | २५ | | | २ | ३ | १४१ |
| भारदेउ | २४ | १४ | ३८ | ११ | १० | २१ | ६ | २४ | ३ | १० | १ | ९ | ९३ |
| १४९ | १४१ | १२२ | २६३ | ५८ | ४१ | ९९ | १५ | १०३ | ४ | १३ | १६ | ६३ | ५०० |

- आ.व. २०८२/८३ को बैशाख १ गते देखि ७ गते सम्म घटना दर्ता सप्ताह सम्पन्न गरिएको।
- बडाबाट प्राप्त लगत कट्टा,नविकरण तथा नयाँ प्रबिस्टि गर्ने कार्य गरिएको ।
- बैंक सँगको सहकार्यमा सामाजिक सुरक्षा भत्ता वडा कार्यालय बाट बितरण गरिएको ।
- Biometric Device, IRIS Device को प्रयोगबाट सामाजिक सुरक्षा भत्ता खाने लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र बमोजिम तथा NIN नम्बर नभएको लाभग्राहीहरुको नविकरण गरिएको,

**जिल्ला : ललितपुर गा.पा/न.पा. : कोन्ज्योसोम आर्थिक वर्ष : २०८२/८३ अबधिको**

**किसिम : त्रैमासिक किस्ता : पहिलो - दोस्रो - तेस्रो - चौथो**

| लाभग्राहीको बिवरण | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | कुल संख्या |
|---|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ५२३ | ५१९ | ५१७ | ५०८ | २०६७ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ७ | ७ | ८ | ८ | ३० |
| जेष्ठ नागरिक एकल महिला | ८० | १३४ | १३४ | १३५ | ४८३ |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० |
| विधवा | २१६ | १६६ | १७४ | १७८ | ७३४ |
| पूर्ण अपाङ्गता भत्ता | ३४ | ३५ | ३६ | ३६ | १४१ |
| अति अशक्त अपाङ्गता भत्ता | ४९ | ५० | ५० | ५० | १९९ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | ६ | ६ | ६ | ७ | २५ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० |
| जम्मा | ९१५ | ९१७ | ९२५ | ९२२ | ३६७९ |
| भुक्तानी रकम | ९३,९२,२५० | ९३,६९,४५४ | ९३,७५,१४४ | ९३,६२,१७७ | ३,७४,९९,०२५ |

**आ.व २०८२/८३ मा भएका घरनक्सा सम्बन्धि कामको बिवरण**

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अस्थाई इजाजत | ७ | |
| २ | स्थायी इजाजत | ४ | |
| ३ | घर सम्पन्न इजाजत | २ | |
| ४ | अभिलेखिरण | २ | |

**गाउँपालिका तथा अन्तर्गतका भवन तथा जग्गा विवरण**

| क्र.सं. | बिवरण | भवन संख्या | जग्गाको क्षेत्रफल |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाको कार्यालय भवन | १ | ५-०-०-० |

| | | | |
|---|---|---|---|
| २ | १ नं.  वडा कार्यालय, चौघरे | २ | १-०-०-० |
| ३ | स्वास्थ्य चौकी भवन, चौघरे | १ | ०-८-०-० |
| ४ | सामुदायिक स्वास्थ्य चौकी भवन, चौघरे | १ | ०-६-०-० |
| ५ | २ नं.  वडा कार्यालय, शंखु | १ | २-०-०-० |
| ६ | शखुं आधारभुत अस्पताल | २ | ५-०-०-० |
| ७ | ३ नं.  वडा कार्यालय, दलचोकी | १ | ०-९-०-० |
| ८ | स्वास्थ्य चौकी भवन, दलचोकी (नयाँ) | १ | ०-७-२-0 |
| ९ | स्वास्थ्य चौकी भवन, दलचोकी (पुरानो ट्रष्ट) | १ | ०-५-२-0 |
| १० | ४ नं.  वडा कार्यालय,  नल्लु | १ | ०-८-0-0 |
| ११ | स्वास्थ्य चौकी भवन,  नल्लु | १ | ०-३-२-० |
| १२ | ५ नं.  वडा कार्यालय,  भारदेउ स्वास्थ्य चौकी | भवन निर्माण | १-०-०-० |
| १३ | नयाँ प्रशासकीय भवन (एकीकृत सेवा केन्द्र) | २५ बर्षको | १५-०-०-० |

## वडागत आयोजनाका उपलब्धि बिवरण

| वडा | योजना संख्या | सडक ढलान (मि.) | नयाँ ट्र्याक (मि.) | सब—बेस (मि.) | सडक चौडा (मि.) | कच्ची नाली (मि.) | पक्की नाली (मि.) | गोरेटो बाटो (मि.) | ह्युम पाइप (मि.) | खानेपानी पाइपलाइन (मि.) | भवन/संरचना सम्बन्धी मुख्य उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. १ | १० | १६३ | — | — | — | — | — | ९० | — | ८३६ | मन्दिर/चर्च/गुम्बा १, सामुदायिक भवन/ट्रस १, विद्यालय १, अन्य संरचना १ |
| वडा नं. २ | १५ | — | ८०० | २५० | २५० | १८० | ३५ | १२० | — | २६५ | मन्दिर/चर्च/गुम्बा मर्मत २, सामुदायिक भवन/ट्रस २, विद्यालय १, खेलमैदान १ |
| वडा नं. ३ | ९ | — | ९०० | — | — | — | — | १,२०० | — | — | मन्दिर/चर्च/गुम्बा १, विद्यालय २, खेलमैदान १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. ४ | १२ | १६० | ७३० | — | — | ४१० | १५० | ३२० | १० | — | मन्दिर/चर्च/गुम्बा निर्माण १, मर्मत १, विद्यालय मर्मत १, अन्य संरचना १ |
| वडा नं. ५ | १६ | ५० | — | — | २३५ | ५०० | ५९५ | ३२० | २१ | — | मन्दिर/चर्च/गुम्बा निर्माण १, मर्मत १, विद्यालय १, स्वास्थ्य भवन १ |
| जम्मा | ६२ | ३७३ | २,४३० | २५० | ४८५ | १,०९० | ७८० | २,०५० | ३१ | १,१०१ | ‘ |

## आ.व.२०८२/०८३ मा संकलित राजश्वको विवरण
## (राजश्व शीर्षक अनुसार)

| सि.नं. | राजश्व शीर्षक | राजश्व संकलन लक्ष्य | संकलित राजश्व रकम | यथार्थ आय प्रतिशतमा |
|---|---|---|---|---|
| १ | सम्पती कर | ६०,००,०००।०० | ८,८९,३०७।०० | १४.८२ |
| २ | भुमिकर/मालपोत | ४,००,०००।०० | ४,७५०।०० | १.१८ |
| ३ | वहाल कर | ९,००,०००।०० | ४,४६,१०८।४० | ४९.५६ |
| ४ | वहाल विटौरी कर | १,००,०००।०० | २,०००।०० | २ |
| ५ | अन्य मनोरञ्जन कर | ५०,०००।०० | - | - |
| ६ | अन्य कर | १,००,०००।०० | ३,०००।०० | ३ |
| ७ | सरकारी सम्पतीको वहालबाट प्राप्त आय | ५०,००,०००।०० | ५,४४,७८०,।०० | १०.८९ |
| ८ | अन्य सेवा शुल्क तथा बिक्री | २,००,०००।०० | ६,५४,१५०।०० | ३२७.०७ |
| ९ | न्यायिक दस्तुर | ५०,०००।०० | ५,००।०० | १.०० |
| १० | परीक्षा शुल्क | ५०,०००।०० | ५,५००।०० | ११ |
| ११ | अन्य प्रशासनिक सेवा शुल्क | ५०,००,०००।०० | ५,७७,५६६।०० | ११.५५ |
| १२ | नक्सापास दस्तुर | १,५०,०००।०० | ३९,२०१।५० | २६.१३ |
| १३ | सिफारिस दस्तुर | ९५,००,०००।०० | १८,६३,१२४।२९ | १९.६१ |

| | | | | |
|---|---|---|---|---|
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,००,०००।०० | २६,०००।०० | १३ |
| १५ | नाता प्रमाणित दस्तुर | १,५०,०००।०० | ३७,५००।०० | २५ |
| १६ | अन्य दस्तुर | २५,००,०००।०० | ५,३८,६९९।०० | २१.५४ |
| १७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १३,००,०००।०० | ३,६७,०००।०० | २८.२३ |
| १८ | विद्युत सम्बन्धी दस्तुर | १,०००।०० | - | - |
| १९ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,००,०००।०० | १,५४,३००।०० | ३०.८६ |
| २० | अन्य राजश्व | १५,००,०००।०० | ४,६८,१४०।०० | ३१.२० |
| २१ | व्यवसाय कर | १०,००,०००।०० | ३,०००।०० | ०.३ |
| २२ | विज्ञापन कर | २,४९,०००।०० | ३७,२६६।०० | १४.२९ |
| २३ | दहत्तर बहत्तर शुल्क | - | ४,७५०।०० | - |
| जम्मा | | ४,२४,३९,०००।०० | - | ५,६१६।०० |

## आ.व.२०८२/०८३ मा संकलित राजश्वको संस्थागत विवरण

| सि.नं. | राजश्व संकलन गर्ने कार्यालय | जम्मा संकलन भएको राजश्व रकम |
|---|---|---|
| १ | कोन्ज्योसोम गाउँपालिका | १,३४,२७,६२३।२० |
| २ | १ नं. वडा कार्यालय, चौघरे | ८,९६,५४२।२५ |
| ३ | २ नं. वडा कार्यालय, शंखु | ६,५३,२५७।७४ |
| ४ | ३ नं. वडा कार्यालय, दलचोकी | ३,४७,१७७।१३ |
| ५ | ४ नं. वडा कार्यालय, नल्लु | १२,२६,१०४।८७ |
| ६ | ५ नं. वडा कार्यालय, भारदेउ | ८,५०,८७५।५२ |
| जम्मा | | १,७४,०१,५८०।७१ |

## आ.व.२०८२/०८३ मा संकलित राजश्वको विवरण

## (दहत्तर बहत्तर बापतको )

| सि.नं. | राजश्व शीर्षक | संकलित राजश्व रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | अमानत मार्फत पाथिभरा-शंख-सदासिभ-जोइन्टभेन्चरबाट संकलित रकम | ७४,४०,८१२।०५ | प्रदेश सरकारलाई ४० प्रतिशत वितरण गरेपछि गाउँ पालिकामा रहने राजस्व रकम रु. ६४,३७,५९३.५१/- |
| २ | ठेक्का प्रक्रिया मार्फत याङला कन्स्ट्रक्सनबाट संकलित रकम | २७,१७,८१३।०० | |
| ३ | याङला कन्स्ट्रक्सनले समयमा राजस्व दाखिला नगर्दा जरिवना स्वरुप तिरेको रकम | २,१७,४२६।०० | |
| ४ | बिभिन्न निर्माण व्यवसायी तथा उपभोक्ता मार्फत कार्यालयले संकलन गरेको रकम | ३,५३,२७१।४७ | |
| | जम्मा संकलित रकम | १,०७,२९,३२२।५२ | |

## आ.व. २०८२/०८३ मा संघ संस्था दर्ताको विवरण

| क्र.सं. | बिवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी मुहान दर्ता | २ | |
| २ | उपभोक्ता सम्बन्धी संस्था दर्ता | ६ | |
| ३ | महिला समूह दर्ता | ३ | |
| ४ | सामाजिक संघ/संस्था | २ | |
| ५ | कृषि समुह | १ | |

## क्षेत्रगत बजेट तथा खर्च

| आ.व : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/३२ |
|---|

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | बिनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,८६,५०,०००.०० | १,७९,००,०६९.६६ | ९५.९८ | ७,४९,९३०.३४ |
| १ | कृषि | ७७,५०,०००.०० | ७०,७४,३७९.४२ | ९१.२८ | ६,७५,६२०.५८ |
| २ | उद्योग | १२,००,०००.०० | ११,६९,३६८.४४ | ९७.४५ | ३०,६३१.५६ |
| ३ | पर्यटन | १४,००,०००.०० | १३,६३,२०३.०० | ९७.३७ | ३६,७९७.०० |
| ४ | सहकारी | ३,००,०००.०० | ३,००,०००.०० | १०० | ०.०० |
| ५ | बन | १,००,०००.०० | १,००,०००.०० | १०० | ०.०० |
| ६ | पशुपन्छी विकास | ७७,००,०००.०० | ७६,९९,११८.८० | ९९.९९ | ८८१.२० |
| ७ | भूमि व्यवस्था | २,००,०००.०० | १,९४,०००.०० | ९७ | ६,०००.०० |
| २ | सामाजिक विकास | २१,६९,१४,६५१.०० | १९,०७,२९,६७६.४२ | ८७.९३ | २,६१,८४,९७४.५८ |
| १ | शिक्षा | १३,९२,७९,६५१.०० | १२,६८,९३,४४०.१३ | ९१.११ | १,२३,८६,२१०.८७ |
| २ | स्वास्थ्य | ४,५३,८०,०००.०० | ३,९२,६७,९०४.७४ | ८६.५३ | ६१,१२,०९५.२६ |
| ३ | खानेपानी तथा सरसफाई | १,४८,६५,०००.०० | १,०१,७१,७३५.४५ | ६८.४३ | ४६,९३,२६४.५५ |
| ४ | भाषा तथा संस्कृति | ३०,५०,०००.०० | २८,१८,८२९.०० | ९२.४२ | २,३१,१७१.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३७,५०,०००.०० | ३२,४०,१४९.०० | ८६.४ | ५,०९,८५१.०० |
| ६ | युवा तथा खेलकुद | ६७,००,०००.०० | ५२,८२,०३४.०० | ७८.८४ | १४,१७,९६६.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३८,९०,०००.०० | ३०,५५,५८४.१० | ७८.५५ | ८,३४,४१५.९० |
| ३ | पूर्वाधार विकास | १३,८९,३६,९००.०० | ८,४९,९०,७०९.७९ | ६१.१७ | ५,३९,४६,१९०.२१ |
| १ | यातयात पूर्वाधार | ८,१३,४९,९००.०० | ४,७३,४१,९६३.२५ | ५८.२ | ३,४०,०७,९३६.७५ |
| २ | भवन, आवास तथा सहरी विकास | ४,६६,६२,०००.०० | २,९४,९१,५७०.५४ | ६३.२ | १,७१,७०,४२९.४६ |
| ३ | सम्पदा पूर्वाधार | ८४,२५,०००.०० | ८१,५७,१७६.०० | ९६.८२ | २,६७,८२४.०० |
| ४ | पुननिर्माण | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,०२,३८,०००.०० | १,५४,७७,५२९.८८ | ७६.४८ | ४७,६०,४७०.१२ |
| १ | वातावरण तथा जलवायु | ३२,००,०००.०० | २६,०२,४६२.०० | ८१.३३ | ५,९७,५३८.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | विपद व्यवस्थापन | ४९,००,०००.०० | ४३,८९,४२२.०० | ८९.५८ | ५,१०,५७८.०० |
| ३ | मानब संशाधन विकास | ३,००,०००.०० | २,९३,८००.०० | ९७.९३ | ६,२००.०० |
| ४ | शान्ति तथा सुव्यवस्था | २,५०,०००.०० | २,३८,५६७.०० | ९५.४३ | ११,४३३.०० |
| ५ | कानुन तथा न्याय | ५,००,०००.०० | ३,००,०५०.०० | ६०.०१ | १,९९,९५०.०० |
| ६ | शासन प्रणाली | २२,००,०००.०० | ९,३४,५२२.०० | ४२.४८ | १२,६५,४७८.०० |
| ७ | तथ्यांक प्रणाली | ५,००,०००.०० | ४,९९,०८६.८८ | ९९.८२ | ९१३.१२ |
| ८ | गरिबी निवारण | ९,००,०००.०० | ६,८३,८५०.०० | ७५.९८ | २,१६,१५०.०० |
| ९ | श्रम तथा रोजगारी | २७,८८,०००.०० | १९,७७,३१८.०० | ७०.९२ | ८,१०,६८२.०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ३०,००,०००.०० | २३,२६,९६३.०० | ७७.५६ | ६,७३,०३७.०० |
| ११ | अनुगमन तथा मूल्यांकन | ५,००,०००.०० | ४,९८,८९९.०० | ९९.७८ | १,१०१.०० |
| १२ | प्रशासकीय सुशासन | ७,००,०००.०० | ७,००,०००.०० | १०० | ०.०० |
| १३ | वित्तीय सुशासन | ५,००,०००.०० | ३२,५९०.०० | ६.५२ | ४,६७,४१०.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,३४,३६,१००.०० | ७,११,८१,२२३.९९ | ८५.३१ | १,२२,५४,८७६.०१ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,३४,३६,१००.०० | ७,११,८१,२२३.९९ | ८५.३१ | १,२२,५४,८७६.०१ |
| जम्मा | | ४७,८१,७५,६५१.०० | ३८,०२,७९,२०९.७४ | ७९.५२ | ९,७८,९६,४४१.२६ |

## आ.व २०८२/८३को आय तर्फको बिबरण

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | २६,५७,६०,०००.०० | २३,६४,८५,४३६.०२ | ८८.९८ | २,९२,७४,५६३.९८ |
| १३३११ समानिकरण अनुदान | ७,१४,००,०००.०० | ६,५२,९५,३००.०० | ९१.४५ | ६१,०४,७००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १५,४०,२०,०००.०० | १४,३०,५५,५११.०२ | ९२.८८ | १,०९,६४,४८८.९८ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ९६,००,०००.०० | ४८,३७,६६७.५४ | ५०.३९ | ४७,६२,३३२.४६ |
| १३३१४ विषेश अनुदान चालु | ७५,००,०००.०० | ७५,००,०००.०० | १०० | ०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,५०,००,०००.०० | ८५,११,४२४.४६ | ५६.७४ | ६४,८८,५७५.५४ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७७,००,०००.०० | ६७,४५,५३३.०० | ८७.६ | ९,५४,४६७.०० |
| १३३१८ अन्य अनुदान चालु | ५,४०,०००.०० | ५,४०,०००.०० | १०० | ०.०० |
| प्रदेश सरकार | ६,४१,२०,०००.०० | ४,४३,८७,७०८.८० | ६९.२३ | १,९७,३२,२९१.२० |

| | | | | |
|---|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | ५७,४४,000.00 | ५७,४४,000.00 | १०० | ०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २,२८,७६,000.00 | १,८४,३३,४३४.८० | ८०.५८ | ४४,४२,५६५.२० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५०,००,०००.०० | ४७,९२,८९१.०० | ९५.८६ | २,०७,१०९.०० |
| १३३१४ विषेश अनुदान चालु | ६५,००,०००.०० | ४६,५२,१८१.०० | ७१.५६ | १८,४७,८१९.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,४०,००,०००.०० | १,०७,६५,२०२.०० | ४४.८६ | १,३२,३४,७९८.०० |
| राजस्व बाडफाड | ८,९२,९५,६५१.०० | ८,८७,३०,५४०.७७ | ९९.३७ | ५,६५,११०.२३ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३०,००,०००.०० | ८१,७३,९६१.७१ | २७२.४७ | (५१,७३,९६१.७१) |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ४,०१,८६,४४५.०० | ३,६०,५९,०२५.६६ | ८९.७३ | ४१,२७,४१९.३४ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १,३३,९५,४८२.०० | १,६२,८०,६७७.१७ | १२१.५४ | (२८,८५,१९५.१७) |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,४७,७४,०७३.०० | २,०१,०१,६१९.२१ | ८१.१४ | ४६,७२,४५३.७९ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ७९,३९,६५१.०० | ८१,१५,२५७.०२ | १०२.२१ | (१,७५,६०६.०२) |
| अन्तरिक श्रोत | ५,५०,००,०००.०० | १,८१,८७,२३३.०६ | ३३.०७ | ३,६८,१२,७६६.९४ |
| ११३१३ सम्पती कर | ६०,००,०००.०० | ८,८९,३०७.०० | १४.८२ | ५१,१०,६९३.०० |
| ११३१४ भुमिकर/मालपोत | ४,००,०००.०० | ४,७५०.०० | १.१९ | ३,९५,२५०.०० |
| ११३१७ वहाल कर | ९,००,०००.०० | ४,४६,१०८.४० | ४९.५७ | ४,५३,८९१.६० |
| ११३१८ वहाल विटौरी कर | १,००,०००.०० | २,०००.०० | २ | ९८,०००.०० |
| ११४७९ अन्य मनोरञ्जन कर | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| ११६९१ अन्य कर | १,००,०००.०० | ३,०००.०० | ३ | ९७,०००.०० |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | २,००,००,०००.०० | ९९,४७,९३९.०४ | ४९.७४ | १,००,५२,०६०.९६ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५०,००,०००.०० | ५,४४,७८०.०० | १०.९ | ४४,५५,२२०.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | २,००,०००.०० | ६,५४,१५०.०० | ३२७.०८ | (४,५४,१५०.००) |
| १४२२१ न्यायिक दस्तूर | ५०,०००.०० | ५००.०० | १ | ४९,५००.०० |
| १४२२४ परीक्षा शुल्क | ५०,०००.०० | ५,५००.०० | ११ | ४४,५००.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५०,००,०००.०० | ५,७७,५६६.०० | ११.५५ | ४४,२२,४३४.०० |
| १४२४२ नक्सापास दस्तुर | १,५०,०००.०० | ३९,२०१.५० | २६.१३ | १,१०,७९८.५० |
| १४२४३ सिफारिश दस्तुर | ९५,००,०००.०० | १८,६३,१२४.२९ | १९.६१ | ७६,३६,८७५.७१ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २,००,०००.०० | २६,०००.०० | १३ | १,७४,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,५०,०००.०० | ३७,५००.०० | २५ | १,१२,५००.०० |

| | | | | |
|---|---|---|---|---|
| १४२४९ अन्य दस्तुर | २५,००,०००.०० | ५,३८,६९९.०० | २१.५५ | १९,६१,३०१.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १३,००,०००.०० | ३,६७,०००.०० | २८.२३ | ९,३३,०००.०० |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | १,०००.०० | ०.०० | ० | १,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ५,००,०००.०० | १,५४,३००.०० | ३०.८६ | ३,४५,७००.०० |
| १४५२९ अन्य राजस्व | १५,००,०००.०० | ४,६८,१४०.०० | ३१.२१ | १०,३१,८६०.०० |
| १४६११ व्यवसाय कर | १०,००,०००.०० | ३,०००.०० | ०.३ | ९,९७,०००.०० |
| १५१११ बेरूजू | २,४९,०००.०० | ३७,२६६.०० | १४.९७ | २,११,७३४.०० |
| ३२१२२ बैंक मौज्दात | १,००,०००.०० | १५,७७,४०१.८३ | १५७७.४ | (१४,७७,४०१.८३) |
| स्थानीय तह | ४०,००,०००.०० | ३५,००,०००.०० | ८७.५ | ५,००,०००.०० |
| १३३११ समानिकरण अनुदान | ४०,००,०००.०० | ३५,००,०००.०० | ८७.५ | ५,००,०००.०० |
| जम्मा | ४७,८१,७५,६५१.०० | ३९,१२,९०,९१८.६५ | ८१.८२ | ८,६८,८४,७३२.३५ |

## आ.व २०८२/८३को व्यय तर्फको बिबरण

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | २७,८८,५३,७५१.०० | २५,१२,३६,९०६.०४ | ९०.१ | २,७६,१६,८४४.९६ |
| २११११ पारिश्रमिक कर्मचारी | १५,४३,४२,६५१.०० | १४,५३,५७,७३१.४८ | ९४.१८ | ८९,८४,९१९.५२ |
| २११२१ पोशाक | १८,५०,०००.०० | १७,३०,०००.०० | ९३.५१ | १,२०,०००.०० |
| २११३२ महंगी भत्ता | ३९,००,०००.०० | ३८,३५,०००.०० | ९८.३३ | ६५,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५,००,०००.०० | ४,९९,०००.०० | ९९.८ | १,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २,००,०००.०० | २,००,०००.०० | १०० | ०.०० |
| २११३९ अन्य भत्ता | २,००,०००.०० | १,७४,५६५.०० | ८७.२८ | २५,४३५.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ६,२०,०००.०० | ५,८४,६००.०० | ९४.२९ | ३५,४००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ४४,३९,०००.०० | ४१,८५,९००.०० | ९४.३ | २,५३,१००.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | १५,००,०००.०० | ०.०० | ० | १५,००,०००.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | ८,९८,०००.०० | ६,१४,८७७.९१ | ६८.४७ | २,८३,१२२.०९ |
| २२११२ संचार महसुल | ६,००,०००.०० | ५,८८,०४४.११ | ९८.०१ | ११,९५५.८९ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन | ३४,५४,१००.०० | ३४,०२,७६३.०० | ९८.५१ | ५१,३३७.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३१,००,०००.०० | २९,२८,६०८.०० | ९४.४७ | १,७१,३९२.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २,००,०००.०० | २,००,०००.०० | १०० | ०.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचाल तथा सम्भार खर्च | १२,२६,७००.०० | १२,१४,३१८.०० | ९८.९९ | १२,३८२.०० |

| | | | | |
|---|---|---|---|---|
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४७,३४,१००.०० | ३४,५४,८०२.०६ | ७२.९८ | १२,७९,२९७.९४ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २०,००,०००.०० | १६,९९,८८२.०० | ८४.९९ | ३,००,११८.०० |
| २२४११ सेवा र परामर्श खर्च | ३६,२५,०००.०० | ३३,७२,८६८.०० | ९३.०४ | २,५२,१३२.०० |
| २२४१३ करार सेवा शुल्क | १,५९,०५,०००.०० | १,५६,९२,६४१.४० | ९८.६६ | २,१२,३५८.६० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १६,५०,०००.०० | १३,८४,७२५.०० | ८३.९२ | २,६५,२७५.०० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १७,५०,०००.०० | १६,८३,६३३.०० | ९६.२१ | ६६,३६७.०० |
| २२५२२ कार्यक्रम खर्च | ३,८७,२९,०००.०० | ३,३३,६८,४७२.०० | ८६.१६ | ५३,६०,५२८.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | १,३९,६०,०००.०० | १,०१,५४,७५१.७६ | ७२.७३ | ३८,०५,२४८.२४ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ५,८०,०००.०० | ४,९९,५००.०० | ८६.१२ | ८०,५००.०० |
| २२६१२ भ्रमण खर्च | १७,९०,०००.०० | १५,२८,८७५.०० | ८५.४१ | २,६१,१२५.०० |
| २२६१९ अन्य भ्रमण खर्च | ३,००,०००.०० | १,७५,५००.०० | ५८.५ | १,२४,५००.०० |
| २२७११ विविध खर्च | ५८,७८,२००.०० | ५०,८४,४१५.३२ | ८६.५ | ७,९३,७८४.६८ |
| २२७२१ सभा सञ्चालन खर्च | ५,००,०००.०० | २,३९,३६०.०० | ४७.८७ | २,६०,६४०.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| २७२११ छात्रवृत्ति | १२,१६,०००.०० | ४,०२,०००.०० | ३३.०६ | ८,१४,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | २६,००,०००.०० | २५,९०,०००.०० | ९९.६२ | १०,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | २२,५६,०००.०० | २२,५४,५०६.०० | ९९.९३ | १,४९४.०० |
| २८१४२ घरभाडा | ५,००,०००.०० | ४,५६,०००.०० | ९१.२ | ४४,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिन औजार भाडा | १९,५०,०००.०० | १६,७९,५६७.०० | ८६.१३ | २,७०,४३३.०० |
| २८९११ भैपरी आउने चालु खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| पुंजीगत | १९,९३,२१,९००.०० | १२,९०,४२,३०३.७० | ६४.७३ | ७,०२,७९,५९६.३० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ६,८३,१२,०००.०० | ४,२२,९७,०१९.४६ | ६१.९२ | २,६०,१४,९८०.५४ |
| ३१११३ निर्मित भवनको संरचनात्म सुधार खर्च | ९,००,०००.०० | ८,९९,९९३.०० | १०० | ७.०० |
| ३११२१ सवारी साधन | १०,००,०००.०० | ३,०९,४००.०० | ३०.९४ | ६,९०,६००.०० |
| ३११२२ मेशिनरी तथा औजार | १,०४,३०,०००.०० | १,०२,९५,०५५.०० | ९८.७१ | १,३४,९४५.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १६,५०,०००.०० | १०,९९,१११.०० | ६६.६१ | ५,५०,८८९.०० |

| | | | | |
|---|---|---|---|---|
| ३११५१ सडक तथा पूल निर्माण | ७,८३,८०,०००.०० | ४,५९,०२,८१५.५४ | ५८.५६ | ३,२४,७७,१८४.४६ |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | २५,००,०००.०० | ०.०० | ० | २५,००,०००.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | २६,१०,०००.०० | २०,१२,६४७.०० | ७७.११ | ५,९७,३५३.०० |
| ३११५७ वन तथा वातावरण संरक्ष | २६,५०,०००.०० | २०,४७,९६२.०० | ७७.२८ | ६,०२,०३८.०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ७,००,०००.०० | ६,७०,६८०.०० | ९५.८१ | २९,३२०.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | २,७१,९९,९००.०० | २,२९,३७,८९५.७० | ८४.३३ | ४२,६२,००४.३० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | १०,००,०००.०० | ५,६९,७२५.०० | ५६.९७ | ४,३०,२७५.०० |
| ३१५११ भैपरी आउने पूँजीगत | १९,९०,०००.०० | ०.०० | ० | १९,९०,०००.०० |
| जम्मा | ४७,८१,७५,६५१.०० | ३८,०२,७९,२०९.७४ | ७९.५२ | ९,७८,९६,४४१.२६ |

स्थानीय सरकार

**कोन्ज्योसोम गाउँपालिका**

Konjyosom Rural Municipality

༄༅། །ཀོན་འཛོམས་གྲོང་པ་ལི་ཀ།

**गाउँ कार्यपालिकाको कार्यालय**

Office of Rural Municipal Executive

**चौघरे,ललितपुर**

Chaughare ,Lalitpur